## बाणगङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## बाणगङ्गा, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

# WASH Plan-2077

## खानेपानी, सरसफाइ तथा स्वच्छता (वास)

योजना सम्बन्धी सङ्क्षिप्त वस्तुगत विवरण

# विषयसूची


**अध्याय १ : बाणगङ्गा नगरपालिकाको वस्तुगत विवरण ........ ५**

१.१ भौगोलिक अवस्थिति र बनोट ........ ५

१.१.१ भौगोलिक अवस्थिति ........ ५

१.१.२ ऐतिहासिक चिनारी तथा नामाकरण ........ ५

१.१.३ राजनीतिक अवस्थिति ........ ६

१.१.४ धरातलीय अवस्था ........ ७

२७.६९ ........ ७

२७.५९ ........ ७

८३.२० ........ ७

१.१.५ प्राकृतिक सम्पदा तथा पर्यटकीयस्थलहरु ........ ७

१.१.६ सांस्कृतिक उत्कृष्टता ........ ८

१.१.७ विकासका सम्भावनाहरु ........ ९

१.२ पहुँच ........ ९

१.२.१ बस्ती र घरपरिवार विवरण ........ ९

१.३ भू–उपयोग तथा वातावरण ........ १०

१.४ तयारीका चरण ........ ११

१.४.१ वस्तुस्थिति विवरण ढाँचा, औजार तथा कार्यविधि तयारी ........ ११

१.४.२ वस्तुस्थिति विवरण तयारी कार्यशाला ........ ११

१.४.३ सहजकर्ता तथा गणक छनौट अभिमुखीकरण र परिचालन ........ ११

१.४.४ तथ्याङ्क सङ्कलन ........ १२

१.४.५ तथ्याङ्क प्रशोधन तथा विश्लेषण र स्रोत नक्शा तयारी ........ १२

१.४.६ वस्तुस्थिती विवरणको मस्यौदा तयारी ........ १२

१.५ जात जाति र जनसाङ्ख्यिक विवरण ........ १३

१.६ आर्थिक गतिविधि र पेसा ........ १६

१.७ जनसङ्ख्याको गतिशीलता र बसाइँ सराइ ........ १६

१.८ भौतिक पूर्वाधार ........ १७

१.९ नगरपालिकामा उपलब्ध अन्य कार्ययोजनाहरु र वास योजनाको सम्वन्ध ........ १७

१.१० वास क्षेत्रमा कार्यरत विकासका साझेदारहरु ........ १७

**अध्याय २: खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति ........ १७**

२.१ बाणगङ्गा नगरपालिकाको खानेपानीको अवस्था ........ १७

२.१.१ नगरपालिकामा खानेपानीका प्राथमिक स्रोतहरु: ........ १७

२.१.८ संस्थागत (शैक्षिक संस्था र स्वास्थ्य संस्था) हरुमा खानेपानी सुविधा ........ २१

२.२ सरसफाइ तथा स्वच्छताको अवस्था ........ २२

२.२.२ सार्वजनिक शौचालय ........ २५

२.२.४ स्वास्थ्य संस्थाहरुमा सरसफाइ तथा स्वच्छता अवस्था ........ २६

२.२.५ महामारीको प्रकोप ........ २६

२.४ विपद जोखिम तथा जलवायु परिवर्तन असर स्थानीय अनुकूलनका प्रयासहरु ........ २६

२.५ योजना कार्यान्वयनमा जनताको चासो र योगदानका लागि तत्परता ........ २७

२.६ पूर्ण सरसफाइ उन्मुख अवस्था तर्फको समग्र अवस्था ........ २७

**अध्याय ३ : कार्ययोजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण ........ ३०**

३.१ खानेपानी योजनाहरुको पहिचान तथा योजना ........ ३०

३.१.२ निर्माणाधीन खानेपानी योजनाहरुको मर्मत सम्भार, सुचारुपन र दिगोपन ........ ३०

३.२ सरसफाइ योजनाहरुको पहिचान तथा योजना ........ ३१

३.२.१ घरायसी शौचालय निर्माण तथा स्तरोन्नति ........ ३१

३.३.२ संस्थागत शौचालय (विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक) निर्माण तथा स्तरोन्नति ........ ३१

३.४ विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन योजना ........ ३३

३.४.१ विपद जोखिम व्यवस्थापन ........ ३३

३.५ वैकल्पिक प्रविधि ........ ३४

३.६ पालिका स्तर तथा समुदाय स्तर क्षमता विकास योजना ........ ३५

३.७ पूरक विषय सवाल (Cross-cutting Issues) र सम्वोधन योजना ........ ३५

**अध्याय ४ : संस्थागत संरचना र क्षमता अभिवृद्धि ........ ३६**

४.१ नगरपालिकाको वास संरचना ........ ३६

४.२ नगरपालिकामा वास क्षेत्रमा कार्यरत अन्य संस्थाहरु र कार्यक्रम ........ ३६

४.३ नगरपालिकामा वास संयुक्त कोष ........ ३६

४.४ संस्थागत संरचना तथा क्षमता विकास आवश्यकता ........ ३७

अध्याय ५ : अनसूचीहरु ........ ३८

अनुसूची ५.१ प्रस्तावित नयाँ खानेपानी योजनाहरु ........ ३८

अनुसूची ५.३ विद्यालयको सरसफाइको विवरण ........ ३८

अनुसूची ५.४ नगरपालिका भरी खानेपानी सेवा विस्तार योजना ........ ४०

अनुसूची ५.५ खानेपानी योजनाहरुको दिगोपना (Sustainability) ........ ४१

अनुसूची ५.६ वास क्षेत्रका सरोकारवाला संस्थाहरु र जिम्मेवारी ........ ४१

५.६.१ कार्यक्रम सञ्चालन तह ........ ४१

५.६.२ नीति निर्माण तथा समन्वय तह ........ ४१
अनुसूचि नं ५.७ प्रस्तावित स्मार्ट सार्वजनिक शौचालयहरु........ ४५
अनुसूची ५.८ बाणगंगा नगरपालिकाको नगरस्तरीय MWASHCC को बैठकको माइन्युट ........ ४६
अनुसूची ५.९ नगरपालिकाका नक्शाहरु........ ४७

# अध्याय १ : बाणगङ्गा नगरपालिकाको वस्तुगत विवरण

## १.१ भौगोलिक अवस्थिति र बनोट

कपिलवस्तु जिल्लाका साविक गा.वि.स.हरू बाणगङ्गा, हथौंसा, पटना, गजेहडा, कोपवा, मोतिपुर, र भलवाडलाई मिलाई नेपाल सरकार (मन्त्री परिषद्) को २०७१ साल मंसिर १६ गतेको निर्णय बमोजिम बाणगङ्गा नगरपालिका घोषणा भएको हो ।

### १.१.१ भौगोलिक अवस्थिति

नेपालको मानचित्रमा वाणगङ्गा नगरपालिकाको भौगोलिक अवस्थिति निम्नानुसार रहेको छ ।

| | | |
|---|---|---|
| प्रदेश | : | लुम्बिनी |
| जिल्ला | : | कपिलवस्तु |
| नगरपालिका | : | वाणगङ्गा नगरपालिका |
| वडा सङ्ख्या | : | ११ |
| भौगोलिक अवस्थिति | : | अक्षांश २७° ३४’ २०.७’’ देखि २७° ४६’ ५८.६१’’<br>देशान्तर ८३° ४’ १.९९’’ देखि ८३° १३’ ५३.७४’’ |
| क्षेत्रफल | : | २३३.६३ वर्ग किलोमिटर |
| उचाई | : | १०५ देखि ४९५ मिटरसम्म |
| सिमाना | : | उत्तरतर्फ अर्घाखाँचीको शितगंगा नगरपालिका, पश्चिममा कपिलवस्तुको बुद्धभुमी नगरपालिका र कपिलवस्तुका नगरपालिका,<br>पूर्वमा रुपन्देहीको सैनामैना नगरपालिका र कन्चन नगरपालिका,<br>दक्षिणमा कपिलवस्तुको मायादेवी गाउँपालिका र सुधोधन गाउँपालिका<br>दक्षिण पूर्वमा रुपन्देहीको गैंडाहावा गाउँपालिका |
| औसत लम्बाइ | : | पूर्व–पश्चिममा लम्बाइ : २२ कि.मी. |
| औसत चौडाइ | : | उत्तर–दक्षिण चौडाई: १४ कि.मी. |
| जलवायु | : | उष्ण |

### १.१२. ऐतिहासिक चिनारी तथा नामाकरण

नेपालका बिभिन्न ७७ जिल्लाहरु मध्येका कपिलवस्तु जिल्ला शान्तिका अग्रदूत गौतम वुद्धको गृह नगर हो । नेपालको पश्चिम तराईमा पर्ने या जिल्ला समुन्द्र सतह देखि ९० देखि ८२४ मिटर उचाइ रहेका छ र यस जिल्लाका क्षेत्रफल १७३८ बर्ग किलोमिटर छ । पूर्वमा रुपन्देही, पश्चिममा दाङ र उत्तरमा अर्घाखाची र दक्षिणमा भारतका उत्तर प्रदेश सिमाना रहेका यस जिल्लाका औसत लम्वाइ ४८ कि.मि. र औसत चौडाइ ३४ कि.मि रहेका छ । यसै जिल्लाको उत्तरी क्षेत्रमा अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिका रहेको छ ।

बाणगङ्गा नगरपालिका ऐतिहासिक, धार्मिक, पर्यटकिय, र व्यापारिक दृष्टिकोणले सामरिक महत्व बोकेको नगरपालिका हो । कपिलवस्तु जिल्लाका साविक गा.वि.स.हरू बाणगङ्गा, हथौंसा, पटना, गजेहडा, कोपवा, मोतिपुर, र भलवाडलाई मिलाई नेपाल सरकार (मन्त्री परिषद्) को २०७१ साल मंसिर १६ गतेको निर्णय बमोजिम बाणगङ्गा नगरपालिका घोषणा भएको हो । मुख्यत बाणगङ्गा नदिको सिंचित क्षेत्र भएकै कारण यस नगरपालिकाको नामाकरण बाणगङ्गा नगरपालिका भएको हो ।

प्राचिन भागिरथी नदिको प्रतिक मानिएको बाणगङ्गा नदिको ऐतिहासिक, धार्मिक, तथा पर्यटकिय महत्व रहेको छ । भगवान रामचन्द्रले बनवासमा रहँदा पानीको समस्यादेखि बाण प्रहार गरी पानिको मुल फुटेर गंगाको रूपमा परिणत भई बाणगङ्गा नदिको नामाकरण भएको बुझिन्छ । यो नगरपालिकामा शाक्य दर्शनका प्रणेता महर्षी कपिलमुनिको तपोभूमि श्रृंगिघाट, मधुवनधाम, कपिलधाम, लक्ष्मणघाट, रामदतिवन आदि पवित्र तिर्थस्थलको संगम रहेको छ । बाणगंगा नदि र यसको नामवाट पुकारिने यस नगरपालिकाको महत्व धार्मिक तथा ऐतिहासिक भएको कुरा स्पष्ट हुन सकिन्छ ।

नगरपालिकाको पूर्व तर्फ कोठीनदि, सालझण्डी जंगल र रूपन्देही जिल्लाको कंचन गाउँपालिका, पश्चिममा बुद्धभूमि नगरपालिकाको कोइली नदि गोरुसिंगेको जंगल, उत्तरमा अर्घाखाँची जिल्लाको सितगंगा नगरपालिका र दक्षिणमा कपिलवस्तु नगरपालिकाको निग्लीहवा, जहदी, र मायादेवी गाउँ पालिकाको पतरिया रहेको छ। चुरे क्षेत्रसँग जोडिएको नगरपालिकाको भौगोलिक बनावट समथर रहेको छ। यो नगरपालिका जिल्ला सदरमुकाम तौलिहवादेखि उत्तर तर्फ १५ कि.मि. को दुरीमा अवस्थित रहेको छ। वि.सं. २०६८ सालको जनगणना बमोजिम १५८९४ घरधुरी रहेको बाणगङ्गा नगरपालिकाको कुल जनसंख्या ७५,२४२ रहेको छ। यस नगरपालिका भित्र बसोबास गर्ने जातजातीमा थारु, ब्राह्मण, क्षेत्री, गुरुङ, मगर, दलित, यादव र मुसलमान लगायतका जातजाती रहेका छन् । नगरपालिकामा बसोबास गर्ने मानिसहरूको मुख्य पेशा कृषि, व्यापार, उद्योग, नोकरी आदि रहेको छ। भौगोलिक रुपले समथर भूमि भएकोले यहां मुख्य गरी धान, मकै, गहुँ, तोरी, माछापालन, कुखुरा, मौरी पालन, पशुपालन लगायतका कृषि तथा पशुजन्य उत्पादनहरू बढी हुने गरेकोछ। कपिलबस्तु जिल्लाको औसत साक्षरता ५७% रहेको छ भने यस नगरपालिकाको साक्षरता ९५% रहेको छ। जिल्लामा यस नगरपालिकाको साक्षरता प्रतिसत दर उच्च रहेको देखिन्छ।

### १.१.३ राजनीतिक अवस्थिति

प्रदेश : लुम्बिनी

जिल्ला : कपिलवस्तु

निर्वाचन क्षेत्र : संघीय निर्वाचन क्षेत्र नं .१, कपिलवस्तु

प्रदेश सभा निर्वाचन क्षेत्र नं .१ (क) , कपिलवस्तु

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नमुना बमोजिम गठित नगरपालिका, गाउँपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ साल मंसिर १६ गते कपिलवस्तु जिल्लाका साविक गा.वि.स हरु बाणगङ्गा, हथौसा, पटना, गजेहडा ,कोपवा, मोतिपुर र भलवाडलाई मिलाई नेपाल सरकार मन्त्री परिषदको निर्णय बमोजिम बाणगङ्गा नगरपालिका घोषणा गरिएको थियो । जुन वडागत रूपमा निम्नानुसार रहेको छ।

**तलिका नं. १ वाणगङ्गा नगरपालिकाको वडा विभाजन**

| वडा नं. | समावेश भएका साविक गा.वि.स. | साविक वडा नं. |
|---|---|---|
| १ | वाणगङ्गा गा. वि. स. | ७, ८, ९ |
| २ | वाणगङ्गा गा. वि. स. | १,२,३,४,५,६, |
| ३ | गजेहडा गा. वि. स. | ३,४,५,६,८,९ |
| ४ | गजेहडा गा. वि. स. | ७,२,१ |
| ५ | कोपुवा गा. वि. स. | १,२,३,५,७ |
| ६ | कोपुवा गा. वि. स. | ४,६,८,९ |
| ७ | मोतिपुर गा. वि. स. | १,२,३ |
| ८ | मोतिपुर गा. वि. स. | ४,५,६,७,८,९ |
| ९ | भलवाड गा. वि. स. | सबै वार्ड |
| १० | पटना गा. वि. स. | सबै वार्ड |
| ११ | हथौसा गा. वि. स. | सबै वार्ड |

स्रोत : राजपत्र

### १.१.४ धरातलीय अवस्था

पूर्व: सैनामैना न.पा. पश्चिम: बुद्धभुमि न.पा.

उत्तर: शीतगंगा न.पा (अर्घाखाँची जिल्ला) दक्षिण: कपिलवस्तु न.पा. र शुद्धोधन गा.पा.

**नगरपालिकाको कार्यालय देखि विभिन्न वडा कार्यालयहरुको दुरी र लाग्ने समय**

| कार्यालय | वडा कार्यालय रहेको स्थान | Latitudes | Longitudes | दुरी | समय |
|---|---|---|---|---|---|
| न.पा.को कार्यालय | बाणगङ्गा-४ | २७.६८ | ८३.१७ | | |
| १ नं .वडा कार्यालय | बैरिया | २७.६९ | ८३.१९ | १ कि.मी. | २ मिनेट |
| २ नं .वडा कार्यालय | पिपरा | **२७.६९** | ८३.२० | ३.०३ कि.मी. | ४ मिनेट |
| ३ नं .वडा कार्यालय | सिउटी | २७.६५ | ८३.१७ | ४.५ कि.मी. | ५ मिनेट |
| ४ नं .वडा कार्यालय | गजेहडा | २७.६६ | ८३.१७ | ३ कि.मी. | ४ मिनेट |
| ५ नं .वडा कार्यालय | कोपवा | २७.६५ | ८३.१२ | ७ कि.मी. | ६ मिनेट |
| ६ नं .वडा कार्यालय | लक्ष्मणघाट | २७.६६ | ८३.१२ | ६ कि.मी. | ८ मिनेट |
| ७ नं .वडा कार्यालय | मोतिपुर | २७.७० | ८३.१३ | ५ कि.मी. | ७ मिनेट |
| ८ नं .वडा कार्यालय | बोडगाउँ | २७.६९ | ८३.१६ | २ कि.मी. | २ मिनेट |
| ९ नं .वडा कार्यालय | भलवाड | २७.७३ | ८३.१२ | १२.८ कि.मी. | २६ मिनेट |
| १० नं .वडा कार्यालय | पटना | २७.६४ | ८३.१७ | १५ कि.मी. | ३१ मिनेट |
| ११ नं. वडा कार्यालय | हथौसा | **२७.५९** | **८३.२०** | ५ कि.मी. | ७ मिनेट |

### १.१.५ प्राकृतिक सम्पदा तथा पर्यटकीयस्थलहरु

बाणगंगा नगरपालिका धार्मिक हिसावले विश्वमै प्रशिद्ध हिन्दु तथा बौद्ध धर्मावलम्बीसंग सम्बन्धित धार्मिक स्थलहरु रहेका छन् । नगरपालिकामा कुल जनसंख्याको ९६.७४ प्रतिशत जनसंख्या हिन्दुहरु रहेका छन् भने बाकी ३.२६ प्रतिशतमा मुस्लिम, बौद्धधर्मावलम्बिहरु र क्रिष्चियन रहेका छन्। अन्य बिभिन्न ऐतिहासिक, पुरातात्विक, आर्थिक केन्द्रहरु र पूर्वाधारको अवस्था र विवरणहरु देहाय बमोजिम रहेका छन्।

| क्र.सं. | विवरण | वडा नं. | विशेषता/महत्व/विद्यमान अवस्था |
|---|---|---|---|
| १. | बाणगंगा नदी | १,२, ४,५, ६,८ | रावणको बाणबाट निसृत्त भएको भन्ने धार्मिक मान्यता रहेको, अर्घाखाँचि जिल्लामा उद्गमस्थल रहेको, धार्मिक, ऐतिहासिक, तीर्थस्थल, विशाल जलाधार क्षेत्र, जगदिशपुर तालको स्रोत, नदिजन्य पदार्थको प्राचुर्यता, बाणगंगा नगर क्षेत्रभित्र सिंचाइको लागि बरदान। |
| २. | लक्ष्मणघाट | ६ | प्रसिद्ध धार्मिक स्थल, बोलबम जल यात्रा आरम्भ गर्ने स्थान, मोक्ष प्राप्ति तथा अन्तिम संस्कार स्थल। |
| ३. | जगदिशपुरताल | ६ र क.व. न.पा. | सिमानाका हिसाबले कपिलबस्तु नगरपालिकामा पर्ने भएता पनि यस तालको लागि नगरपालिकाको वडा नं. ६ स्थित लक्ष्मणघाटबाट बाणगंगा नदिमा बाँध बनाइ सोहि क्षेत्रबाट पानीको नहर बनाइ यो ताल निर्माण गरिएको मानव निर्मित विशाल ताल, अन्तर्राष्ट्रिय सिमसार क्षेत्र, जिल्लाकै ठूलो तथा मुख्य सिंचाईको पानीको भकारी स्थल, साइबेरियाबाट समेत चराहरु यस क्षेत्रमा आउने भएकोले प्रसिद्ध अध्ययनस्थल । |

| | | | |
|---|---|---|---|
| ४ | बालुनिलकण्ठ धाम | ८ | श्रृंगी ऋषिको आश्रम, मानवोचित फलप्राप्ति (पुत्रलाभ विशेष) स्थल। |
| ५. | श्रृंगीघाट | १,२ | श्रृंगी ऋषिको जन्मस्थल, माथिल्लो वाणगंगाको पूर्व पश्चिम सिंचाईको मुहान |
| ६ | मधुवनधाम | ८ | शान्ता श्रृंगी आश्रम स्थल तथा विष्णु पादुका (विष्णुका पाइला भएको) स्थल। |
| ७ | कपिलधाम | ९ | जिल्लाकै नामकरणका एक साधक कपिलमुनी ऋषिको आश्रम स्थल। साहित्यिक संगमस्थल, धार्मिक पर्यटकीय संगम। |
| ८ | रामदतिवन | ९ | रामको पाइला भएको तथा शान्त र पवित्र स्नान स्थल। |
| ९ | नन्दनगर | १,२ | विभाण्डक ऋषिको तपस्थल, संस्कृत गुरुकूल, कैलाश आश्रम स्थल। |
| १० | जितपुर, चार नम्बर | १,४ | जिल्लाकै प्रमुख बजार क्षेत्र, वाणगंगा नगरपालिकाको केन्द्रस्थल, आर्थिक, व्यापारिक केन्द्र। |
| ११ | पिपरा सुपादेउराली मन्दिर | २ | भाकल गरेमा मनोकाङरक्षा पूरा हुने धार्मिक तथा ऐतिहासिक स्थल। प्रसिद्ध धार्मिक पर्यटकीयस्थल |
| १२ | बैरिया प्रकटेश्वर मन्दिर | २ | ऐतिहासिक एवम् शिबजी प्रकट भएको जनविश्वास रहेको मन्दिर स्थल। |
| १३ | हथौसा शिव मन्दिर | ११ | ऐतिहासिक एवम् शिवजीको मन्दिर, शिवलिंग पूजा स्थल। ऐतिहासिक शिवरात्री मेला लाग्नेस्थल |
| १४ | कोठी नदी | २ | पूर्व पश्चिम राजमार्गमा कपिलवस्तु प्रवेश स्थल तथा पर्यटकीय/वनभोज स्थल |
| १५ | राजापानी | ३ | पर्यटकीय/वनभोज स्थल तथा नगरकै शान्त तथा मनोरम स्थल। |
| १६ | जलेश्वर मन्दिर | ८ | बालापुरमा अवस्थित ऐतिहासिक शिवजीको मन्दिर |
| १७ | मुख्य बजार क्षेत्रहरु | | पिपरा, बैरिया, चार नम्बर जितपुर, बोडगाउँ, घेरवा बनगाइ, कोइली बनगाइ, मोतिपुर, भलवाड, कोपवा, गजेहडा, ओदारी हथौसा, पटना आदि। |
| १८ | पूर्वाधार | | • सडकहरुको कुल लम्बाई करिब १००० कि.मि रहेको छ। जसमा करिब १२० कि.मि कालोपत्रे, करिब ६०० कि.मि. ग्राभेल र बाँकी कच्ची सडक रहेको। सबै वडा समेटेर बाणगंगा रिङरोड प्रस्तावित भएको।<br>• मझौलास्तरका पोखरी/दह :५ वटा<br>• झोलुंगेपुल :२ वटा<br>• खानेपानी प्रयोग गर्ने परिवार :९९.७२ प्रतिशत (आधारभुत तहको खानेपानी)।<br>• चर्पि प्रयोगकता: ९७.६९ प्रतिशत।<br>• धार्मिक स्थलहरुको संख्या मन्दिर २२ गुम्बा १०। |
| १९ | मुख्य मुख्य खेलमैदानहरु | | • जितपुर रंगशाला, मायादेवी रंगशाला, राजापुर, बालापुर, मधुवन, वण्डौली, राजापानी, धरमपुर, खुटेनी, मोतिपुर डाँडा, पूर्व जिनुवा, कप्टैया, कौवाघाट खेलमैदान आदि। |

### १.१.६ सांस्कृतिक उत्कृष्टता

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक विविधता एवम् ऐतिहासिक तथा सांस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्य स्थलको रूपमा सुपरिचित छ। विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटागाउँको रूपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ। पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ। यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वद्र्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात

सेवालगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको सङ्ख्यात्मक एवम् गुणात्मक वृद्धि गर्नु आवश्यक छ।

### १.१.७ विकासका सम्भावनाहरु

- विकास तथा निर्माणकार्यको लागि आफ्नै बाणगंगा नदी, कोईली खोला तथा घिरी खोलाको नदीजन्य पदार्थको स्रोतहुनु।
- बाणगंगा नगरपालिका अर्न्तगतको खेतियोग्य जग्गा बाणगंगा तथा कोईली नदीबाट सिंचित हुनु।
- नगरपालिकाको लगभग बीच भागबाट पूर्व पश्चिम राजमार्ग अवस्थित हुनु।
- करिब ५० प्रतिशत वन क्षेत्रले ओगटनु।
- नगरपालिका पूर्ण साक्षरता घोषणा हुनु।
- राजापानी, खारखानी, सुपा देउराली, नन्दनगर र कोठी खोला जस्ता पिकनिकस्थल तथा पर्यटकीयस्थल हुनु।
- खारखानीमै १२५ मेगावाटको सौर्य उर्जा मार्फत विद्युत उत्पादनको प्राम्भिक कार्यको शुरुवात हुनु।
- स्वास्थ्यका सूचकहरुको अवस्था राम्रो हुनु ।
- मनोरञ्जनको लागि बाल उद्यान पार्कहरु र सिनेमा हल हुनु।
- खेलकुद विकासको लागि नगरपालिका अर्न्तगत २ वटा कबड हल हुनु।
- बालमैत्री स्थानीय शासन घोषणा कार्य अन्तिम चरणमा हुनु।
- नगरपालिकाको खेतियोग्य जमिन करिब ३९% हुनु।
- कृषियोग्य जमिन प्रशस्तै हुनु।
- नगरपालिका मासु, अण्डा तथा दुधमा करिब आत्मनिर्भर हुनु।
- यातायातको सुगमता, प्रशस्त खुला स्थानहरु, हरेक वडाहरुमा प्रशस्त खेलमैदान हुनु।
- तालतलैयाबाट सिंचाई उपयोग गर्न सकिने र भौतिक पूर्वाधारहरुको निर्माणको लागि निर्माण सामाग्रीको समेत स्रोत धेरै भएकोले नमूना सहरको रुपमा विकास गर्न सकिने सम्भावना छ।
- यस नगरपालिकालाई वालविवाह मुक्त नगर घोषण ,पूर्ण भर्ना नगर घोषणा, पूर्ण खोपतर्फ घोषणा भइसकेको छ।

## १.२ पहुँच

- महेन्द्र राजमार्गको दायाँ बायाँ रहेको यस नगरपालिकाको केन्द्र जिल्ला सदरमुकाम तौलिहवा करिव २१ कि मि सडक दुरीमा अवस्थित रहेको छ।
- लुम्बिनी प्रदेशको राजधानी दाङ जिल्लासंग जोडिएको र नगरपालिका केन्द्र देखि करिब ६० कि.मी. रहेको छ।

## १.२.१ बस्ती र घरपरिवार विवरण

बस्ती भन्नाले कुनै पनि ठाउँमा निश्चित क्षेत्र ओगटेर बसेका जनसङ्ख्याको समूहलाई जनाउँदछ। परिवार, घर तथा टोल मिलेर एउटा बस्तीको संरचना हुन्छ। जहाँ भौतिक तथा जैविक पर्यावरणको अवस्थिति तथा सन्तुलन रहेको हुनुपर्छ। वास्तवमा कुनै पनि क्षेत्रको विकास तथा विस्तार हुनको लागि त्यस क्षेत्रमा रहेका बस्तीको ठूलो योगदान रहेको हुन्छ। "थोपा थोपा मिलेर जसरी सागर बनेको हुन्छ त्यसैगरी बस्ती–बस्ती मिलेर वडा अनि वडा–वडा मिलेर सिङ्गो नगरको स्वरूप तयार भएको हुन्छ। यस नगरपालिकामा रहेका ११ वटा वडामा अवस्थित प्रमुख बस्तीहरू तथा वडागत रूपमा रहेको घरपरिवार विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. २ बस्तीहरू**

| वडा नं. | प्रमुख टोल/बस्तीहरू |
|---|---|
| १ | उत्तमनगर, बैरिया, निवुवा, बैठनपुरा, मान्द्रेली टोल, शान्ती टोल, श्रीनगर डाँडा, जितपुर र बुङ्ची |
| २ | नन्दनगर, राजपुर, ताप्के, बैजलपुर, उत्तर पिपरा, दक्षिण पिपरा, कोलोनी टोल, गोवडिया, कप्टैया, गब्दैया, लखनपारा, कुनैया, तिनैया र बिसनपुरा |
| ३ | सिउटी, कर्महाना, तिलकहाना, बभनी, राजापानी, भक्तौली, धनकौली, झुँगा, गंगौलिया, ठाँटी र चम्किपुर |
| ४ | गजेहडा, सैनिक टोल, गोल्डेन होराइजन चोक, तिनकुने, कालाबन्जर, ठाकुरापुर, माथिल्लो ठाकुरापुर, निविया, लखरौवा, कुवेरापु, झुँगा, तल्लो झुँगा, इट्टाभट्टी चोक, हरिहरपुर, माथिल्लो हरिहरपुर, शिवालय, डुगहवा, सालडाडा, शान्ति डाडा, सिद्धिपुर बजार, सिद्धिपुर, पुरानो टोल, दरखास्त गाउँ र ४ नं बजार |
| ५ | श्रीनगर टोल, व्याडा टोल, शान्ती टोल, मधौलिया टोल, मटेरिया, भठ्टा, दुर्गा नगर, ईट्टा भट्टा, , दक्षिण टोल, सिमलखोर, स्कुल टोल, खुटनी, लोहरीबगिया, सातमोहने, बैकुण्ठपुर, झण्डा गाउँ, फरवार, विद्यालय टोल, पथरैया टोल, सुन्दरनगर, नयाँ टोल, औरहिया, कोपवा गाउँ, बगहवा, झोलनीपुर, कोपवा बजार लाईन, अन्नपुर्ण टोल, र प्रतिडाँडा |
| ६ | बैदौली झुलेनीपुर, सुठौली, वनकसिया, देउराली टोल, वनकसिया थारु टोल, भाट सुकुम्बासी टोल, अमौली, तिनघेरवा, फुलावारी टोल, भगलापुर, मन्दिर टोल, पिपरिया टोल, मनोहरापुर, गणेशपुर, गन्धर्व टोल, प्रतिडाँडा, लक्ष्मणघाट |
| ७ | वनरहवा, नयाँ गाउँ, वग्नहवा, भुईपुरा, बाडी गाउँ, कोइली बनगाई, उत्तर थारु गाउँ, नयाँ टोल, मोतिपुर डाडा, मोतिपुर, खधुर पाइला, धैरेनी डाँडा ख, मन्दिर टोल, बनगाई, शान्ती टोल, घेरवा बनगाई, पानी टंकी टोल, र तिनघेरवा |
| ८ | बोडगाउँ, बालापुर, शिशेनि, धनेशपुर, चप्परगाउँ, गन्सहवा, ढोडेकोल, बाणिगाउँ, उदयपुर, कुकरघोला, मोर्मी, कोइलिपार, बण्डौली, उदयपुर, लौगाई, मधुवन, बाणगंगा पुल्चोक, बाणगंगा क्रेशर, मधुवन र बण्डौली भाटा |
| ९ | चौवाह, भलवाड, बर्दहवा, बक्सिसपुर, जिनुवा, पूर्व जिनुवा, पश्चिम जिनुवा, पडरिया, भर्तापुर र भर्लावास |
| १० | भावपुर, भगवानपुर, पकडीचापा, जयपुर, बहादुरपुर, गोगापुर, बिरपुर, सोनपुर, मोतिपुर, धरमपुर, बालापुर, दानापुर, पिपरा, मझौवा, ठूलो ठेकही, सानो ठेकही, करैलिया, मेचकुरी, मेचकुरी डाँडा, पटना, अहिरौली, बनगवा, रत्तनपुर, गल्हा, सानो गल्हा, ठूलो गल्हा र नौगईया |
| ११ | हथौसा, मैनहरा, मैरी, देउवापार, ओदारी, मर्थि, प्रोजेक्ट टोल, घरबुधिया, भडसडवा, बनकटवा, भड्डिहवा, दक्षिण चेतिया, उत्तर चेतिया, चितरपुरा, बरवा र पदमपुर |

## १.३ भू–उपयोग तथा वातावरण

वर्तमान भू–उपयोग हेर्दा ४९.९ प्रतिशत भू–भाग जङ्गल रहेको देख्न सक्छौं । खेतीयोग्य जमिन ३९.७ प्रतिशत तथा खोला नालाले करिब ५.९ र वस्ति क्षेत्र (आवासीय, व्यापारिक तथा धार्मिक क्षेत्र)ले करिब २.३ प्रतिशत भू–भाग ओगटेको देखिन्छ । यसैगरी बाटो तथा सार्वजनिक क्षेत्र ले २.० प्रतिशत भू–भाग ओगटेको देखिन्छ भने बाँकी अन्य विविध प्रयोजनको लागि उपयोग भइरहेको देखिन्छ ।

| भू–उपयोग/ वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | जम्मा व. कि.मि | जम्मा हेक्टर | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| खेतीयोग्य जमिन | ३.३ | ८.० | ९.२ | ६.८ | ८.७ | ५.५ | ४.५ | ६.६ | ५.९ | १८.५ | १५.९ | ९२.८ | ९२७७.१ | ३९.७२ |
| जङ्गल | ०.८ | २०.४ | ०.३ | १.५ | ०.२ | ०.६ | १.० | २४.७ | ५०.३ | १५.६ | १.३ | ११६.७ | ११६६६.२ | ४९.९५ |
| खोला नाला तथा पोखरी | १.१ | ०.५ | ०.४ | ०.७ | ०.८ | १.५ | ०.८ | २.७ | ४.१ | ०.७ | ०.५ | १३.८ | १३७५.५ | ५.८९ |
| बस्तीक्षेत्र | ०.३ | ०.७ | ०.४ | ०.६ | ०.४ | ०.३ | ०.५ | ०.६ | ०.४ | ०.६ | ०.५ | ५.४ | ५३७.४ | २.३० |
| बाटो, खुला क्षेत्र तथा सार्वजनिक क्षेत्र | ०.२ | ०.५ | ०.३ | ०.६ | ०.३ | ०.३ | ०.३ | ०.४ | ०.४ | १.१ | ०.४ | ४.७ | ४७४.८ | २.०३ |
| व्यापारिक | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.१ | ८.८ | ०.०४ |
| उत्खनन क्षेत्र | | | | ०.१ | | | | | | | | ०.१ | ८.० | ०.०३ |
| औधोगिक क्षेत्र | ०.० | ०.० | ०.० | ०.० | ०.० | | ०.० | ०.० | | ०.० | ०.० | ०.१ | ६.७ | ०.०३ |
| संस्कृतिक तथा पुरातात्विक क्षेत्र | | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | २.५ | ०.१ |
| अन्य क्षेत्र | | | ०.० | | | | | | | | | ०.० | १.० | ०.० |
| जम्मा | ५.८ | ३०.१ | १०.६ | १०.४ | १०.३ | ८.२ | ७.१ | ३४.९ | ६१.१ | ३६.४ | १८.७ | २३३.६ | २३३५८.० | १०० |

## १.४ तयारीका चरण

### १.४.१ वस्तुस्थिति विवरण ढाँचा, औजार तथा कार्यविधि तयारी

तथ्याङ्क सङ्कलन गर्न प्रयोग गरिएका विधिहरु वास्तवमा बाणगङ्गा नगरपालिकाको वास प्रोफाईल (निर्माण गर्ने क्रममा प्राथमिक र द्वितीयक दुवै प्रकारका स्रोत सामग्रीको प्रयोग गरिएको छ। यसमा विशेषगरी स्थलगत सर्वेक्षण गर्ने क्रममा घरधुरीमा नगई प्राप्त हुन नसक्ने विवरणहरुलाई घरधुरी सर्वेक्षण mWater application प्रयोग गरिएको छ। त्यसपछि प्राप्त सूचनाहरूलाई तालिकीकरण गर्ने र विश्लेषण गर्ने कार्य गरी यो वस्तुगत विवरण तयार पारिएको छ।

### १.४.२ वस्तुस्थिति विवरण तयारी कार्यशाला

यस नगरपालिकाको वास प्रोफाईल तयारीको लागि नगरपालिकाको नगर खानेपानी सरसफाइ तथा स्वच्छता समितिको बैठकबाट निर्णय गरी यस नगरपालिकाको समस्त विषयवस्तु समेटिएको प्रोफाइल तयार गर्न, नगर प्रमुख, नगर उप प्रमख, प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण वडाका वडा अध्यक्ष, वडा सचिव, समेतलाई राखी कार्यशाला सञ्चालन गरी सुरूवात गरिएको छ।

### १.४.३ सहजकर्ता तथा गणक छनौट अभिमुखीकरण र परिचालन

प्रत्येक वडाबाट कम्तिमा २ जना सङ्कलकनहरूलाई नगरबाटै छनौट गरी सहजकर्ता तथा गठकहरूलाई यस नगरपालिकाले वास प्रोफाइल डाटा सङ्कलनको लागि तयार गरेको घरधुरी सर्वेक्षण mWater Application भर्नको लागि संकलकहरुलाई अभिमुखीकरण गराइएको छ।

## १.४.४ तथ्याङ्क सङ्कलन

### तालिका १.१ तथ्याङ्क सङ्कलनको नाम थर

| क्र.सं. | तथ्ययाङ्क संकलकको नामथर | वडा नं. | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | |
| १ | अरुण बिष्ट | १ | | | | | | ५८० | १०१ | ४ | | | ६८६ |
| २ | निशा बेल्वासे | | १ | | | | | | | ८०७ | १ | | ८०९ |
| ३ | रीना थारु | | | | | १ | ४६४ | | | | | | ४६५ |
| ४ | अन्जु मरासिनी | | | ६२५ | १ | १५ | | | | | | १३ | ६५४ |
| ५ | अश्मिता अधिकारी | | | | | | | | २८ | ८७२ | | | ९०० |
| ६ | एक नारायण उपाध्याये | | | | १०१५ | | | | | | | १ | १०१६ |
| ७ | जीत बहादुर चौधरी | ३२७ | २८ | | | | | | १ | | | | ३५६ |
| ८ | ज्ञान प्रसाद घिमिरे | | ५५८ | | | | | १ | | | | | ५५९ |
| ९ | दयाराम पौडेल | १ | | | | | | | २६ | | १ | | २८ |
| १० | दीक्षा पोखरेल | १७ | | | ८०३ | | | | | | | | ८२० |
| ११ | दीपा पराजुली | ४४ | २ | २ | | ३११ | २४५ | | | | | | ६०४ |
| १२ | पुरन चन्द्र छेत्री | १८६ | | | | १ | | | | | | १ | १८८ |
| १३ | बेदराज आचार्य | २३० | १ | | ५०३ | | | | | | | | ७३४ |
| १४ | रबिन पौडेल | | | | | | ३१६ | १ | | | | १ | ३१८ |
| १५ | रीना चौधरी | १ | | ८ | | | | | | | | ८८० | ८८९ |
| १६ | शर्मिला वि क | | | | १ | ६ | १९३ | | | | १ | | २०१ |
| १७ | श्यामकला राना | ३ | ३० | ७३१ | ५ | | | | | | | | ७६९ |
| १८ | सकिल अहमाद फकीर | | | | | | | | १ | | ११०७ | | ११०८ |
| १९ | सरिता भाट क्षेत्री | | ४४७ | | | | | १ | १ | | | १ | ४५० |
| २० | सुबास पौडेल | १ | | | | | | | | | | १०१२ | १०१३ |
| २१ | प्रेम पोख्रेल | ३४२ | ७५ | | | | | | | | | | ४१७ |
| २२ | मनोज न्यौपाने | | | | | ३९४ | | | | | | | ३९४ |
| २३ | शान्ता न्यौपाने | | | | | २७७ | | | | | | | २७७ |
| २४ | राम प्रसाद न्यौपाने | | | | | | | १५ | ६७९ | | | | ६९४ |
| २५ | शोभावती चौधरी | २४८ | | | | ४०२ | | | | | | | ६५० |
| २६ | निर्मला थारु | | १२२२ | | | | | ६१८ | | | | | १८४० |
| २७ | सुदर्शन चौधरी | | | | | | | ६८४ | | | | | ६८४ |
| २८ | हेमा थारु | | ६ | ६२ | | | | | | | ३०१ | ३१० | ६७९ |
| २९ | महेश चाई | | | | | | | | | | ३९९ | | ३९९ |
| ३० | कमल भुसाल | | | | | | | | ५२६ | | | | ५२६ |
| ३१ | गंगाराम अधिकारी | | | | | | | | २६७ | | | | २६७ |
| ३२ | धन प्रसाद आचार्य | | | | | | | | ९२९ | | | | ९२९ |
| | **कुल जम्मा** | १४०१ | २३७० | १४२८ | २३२८ | १४०७ | १२१८ | १९०० | २५५९ | १६८३ | १८१० | २२१९ | २०३२३ |

## १.४.५ तथ्याङ्क प्रशोधन तथा विश्लेषण र स्रोत नक्शा तयारी

यस नगरपालिकाका प्रत्येक वडाबाट प्राप्त भएको डाटाहरूलाई विश्लेषण गरिएको र सो बाट प्राप्त तथ्याङ्कहरूलाई एकीकृत गरी Table र Chart मा प्रस्तुत गरिएको छ ।

## १.४.६ वस्तुस्थिती विवरणको मस्यौदा तयारी

यस नगर  वास वस्तुस्थिति विवरण ढाँचा, सर्वेक्षण औजार तथा कार्यविधि भौतिक पूर्वधार मन्त्रालय , लुम्बिनी प्रदेशबाट पठाइएको ढाँचामा mWater application बाट प्राप्त तथ्याङ्क विश्लेषण गरियो । तथ्याङ्कलाई विभिन्न खण्डीकरण गरी  तथ्याङ्क लिइयो ।

## १.५ जात जाति र जनसाङ्ख्यिक विवरण

| जातजाती | वडा नं. | | | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | | |
| बाह्मण क्षेत्री | ३००९ | ५५७१ | २१२७ | ४९७२ | २५०० | २४७३ | ४६४५ | ७६४७ | ४३५८ | १३०० | ३७२० | ४२३२२ | ४१.९८ |
| थारू | ८३८ | ३०१६ | ३६७४ | १९७७ | ३३३१ | २३५५ | १२८१ | १५८४ | ११२६ | ५२८६ | ५३८८ | २९८५६ | २९.६२ |
| मगर | १५११ | १८११ | ९२० | १५४१ | १०६ | २३० | १०७२ | ९३० | १०१५ | ५४२ | ५८८ | १०२६६ | १०.१८ |
| ठकुरी | ३०६ | ८० | ७० | १४६२ | ९६ | ३६ | १०३ | २२० | १७ | ३३ | २३ | २४४६ | २.४३ |
| विश्वकर्मा | २५३ | २९९ | १६५ | १०३ | ४१ | ३०५ | ४९६ | ५२९ | ५६७ | २६० | ७२ | ३०९० | ३.०७ |
| मुस्लिम | ० | ० | २३ | १३५ | ४१ | १७ | | २३७ | २३ | ५०३ | ३४७ | १३२६ | १.३२ |
| परियार | १८६ | २६२ | १६६ | ११७ | ५३ | १७७ | ३९२ | १६७ | २३१ | ६६ | ३२१ | २१३८ | २.१२ |
| गुरूङ | ८८ | २१ | १ | ३३ | २६ | ७१ | ३९५ | ८६ | २२४ | ८ | २३ | ९७६ | ०.९७ |
| नेवार | १८९ | ८२ | १५ | १४२ | ५५ | १२ | ८९ | ३३ | २७ | १७ | १७ | ६७८ | ०.६७ |
| गिरी | | ४२ | ८ | | १८ | २१ | १४३ | २२४ | १२९ | ४० | ४ | ६२९ | ०.६२ |
| सुनुवार | ८४ | | २० | ४० | ८८ | ४ | १७३ | २३ | ११३ | ६ | ३ | ५५४ | ०.५५ |
| यादव | ० | ७ | | ० | ४६ | १४ | ४ | ० | ० | १८० | १८२ | ४३३ | ०.४३ |
| विश्वकर्मा | ५८ | ३६ | ० | १०९ | १७ | ३२ | २४ | २१ | ४१ | ४६ | ० | ३८४ | ०.३८ |
| गन्धर्व | | ० | ० | ० | ० | ३०४ | २० | ० | ३५ | | ० | ३५९ | ०.३६ |
| सार्की | ५० | ४ | ६५ | ३६२ | ७९ | ६७ | १३ | ४ | ४७ | ४ | ६ | ७०१ | ०.७० |
| कुमाल | ४७ | ३९ | १४ | | ९ | ५७ | ५७ | ४९ | ५३ | ० | ६ | ३३१ | ०.३३ |
| पासी | ० | १५ | ६ | ० | ० | ११ | | ० | ० | १२७ | १०८ | २६७ | ०.२६ |
| माझी | ५४ | ० | ० | ६ | ० | ० | १६० | ० | १ | ८ | | २२९ | ०.२३ |
| बानिया | २४ | २० | १० | | २९ | ३२ | ६ | ० | १३ | २१ | ६० | २१५ | ०.२१ |
| अन्य | १४८ | ११० | ११६ | २९५ | ७८५ | ९३ | ३६४ | १८९ | १७३ | ९२० | ४१९ | ३६१२ | ३.५८ |
| जम्मा | ६८४५ | ११४१५ | ७४०० | ११२९४ | ७३२० | ६३११ | ९४३७ | ११९४३ | ८१९३ | ९३६७ | ११२८७ | १००८१२ | १०० |


घरधुरी सर्वेक्षण २०७७ अनुसार वाणगङ्गा नगरपालिकाको कुल जनसङ्ख्या १००८१२ मध्ये पुरुषको सङ्ख्या ५२५३० महिलाको सङ्ख्या ४८१४१ र तेस्रो लिङ्गीको सङ्ख्या ११ रहेको देखिन्छ भने जम्मा घरपरिवार सङ्ख्या २०३२३ रहेको देखिन्छ। त्यसैगरी लैङ्गिक अनुपात १०९ (प्रति १०० महिलामा १०९ पुरुष) रहेको र यस न.पा.मा औसत परिवार सङ्ख्या ५ रहेको छ। यस न.पा.को जनघनत्व ६८१.९ प्रति व.कि.मी रहेको छ। वडागत रूपमा जनसङ्ख्याको वितरणलाई तलको तालिका तथा स्तम्भचित्रमा देखाइएको छ।


**तालिका १.२ वडागत घरपरिवार तथा जनसङ्ख्या विवरण**

| घरपरिवार सर्वेक्षण २०७७ | | | | | | राष्ट्रिय जनगणना २०६८ | राष्ट्रिय जनगणना २०५८ |
|---|---|---|---|---|---|---|---|
| वडा कार्यालय | परिवार सङ्ख्या | पुरुष | महिला | तेस्रो लिङ्गी | जम्मा जनसङ्ख्या | जम्मा जनसङ्ख्या | जम्मा जनसङ्ख्या |
| १ | १४०५ | ३५०१ | ३३३८ | ६ | ६८४५ | ५३४१ | ४३३९ |
| २ | २३७० | ५८२१ | ५५७४ | २० | ११४१५ | ७७३९ | ६३५१ |
| ३ | १३९४ | ३८३८ | ३५५० | १२ | ७४०० | ५७७६ | ४३४२ |
| ४ | २३२९ | ५८३३ | ५४५० | ११ | ११२९४ | ७७०३ | ६६१९ |
| ५ | १४०६ | ३७६० | ३५५८ | २ | ७३२० | ५९६७ | ५४८२ |
| ६ | १२१७ | ३२१५ | ३०८८ | ८ | ६३११ | ४५६३ | ४२९६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | १८९७ | ४८८० | ४५४३ | १४ | ९४३७ | ५७८१ | ४५३० |
| ८ | २५५१ | ६२२५ | ५७११ | ७ | ११९४३ | ८६७९ | ६३४३ |
| ९ | १६९० | ४२०९ | ३९७३ | ११ | ८१९३ | ५७३२ | ५७८४ |
| १० | १८१३ | ५०१५ | ४३४२ | १० | ९३६७ | ८८८२ | ७७०४ |
| ११ | २२२२ | ६२३३ | ५०१४ | ४० | ११२८७ | ९०७२ | ७६५९ |
| **जम्मा** | **२०२९४** | **५२५३०** | **४८१४१** | **१४१** | **१००८१२** | **७५२४२** | **६३४४९** |


स्रोतः बाणगङ्गा नगरपालिका नगर प्रोफाइल, २०७५ र घरपरिवार सर्वेक्षण, २०७६



## तालिका १.३ औसत परिवार सङ्ख्या तथा जनघनत्व:

| वडा | जम्मा घरधुरी | पुरुष | महिला | तेस्रो लिङ्गी | जम्मा | परिवारको औसत आकार | क्षेत्रफल | जनघनत्व | पुरुष महिला अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १४०५ | ३५०१ | ३३३८ | ६ | ६८४५ | ५ | ६ | ११८७ | १०५ |
| २ | २३७० | ५८२१ | ५५७४ | २० | ११४१५ | ५ | ३० | ३७८ | १०४ |
| ३ | १३९४ | ३८३८ | ३५५० | १२ | ७४०० | ५ | ११ | ७०० | १०८ |
| ४ | २३२९ | ५८३३ | ५४५० | ११ | ११२९४ | ५ | १० | १०८३ | १०७ |
| ५ | १४०६ | ३७६० | ३५५८ | २ | ७३२० | ५ | १० | ७११ | १०६ |
| ६ | १२१७ | ३२१५ | ३०८८ | ८ | ६३११ | ५ | ८ | ७६९ | १०४ |
| ७ | १८९७ | ४८८० | ४५४३ | १४ | ९४३७ | ५ | ७ | १३३६ | १०७ |
| ८ | २५५१ | ६२२५ | ५७११ | ७ | ११९४३ | ५ | ३५ | ३४२ | १०९ |
| ९ | १६९० | ४२०९ | ३९७३ | ११ | ८१९३ | ५ | ६१ | १३४ | १०६ |
| १० | १८१३ | ५०१५ | ४३४२ | १० | ९३६७ | ५ | ३६ | २५७ | ११६ |
| ११ | २२२२ | ६२३३ | ५०१४ | ४० | ११२८७ | ५ | १९ | ६०४ | १२४ |
| **जम्मा** | २०२९४ | ५२५३० | ४८१४१ | १४१ | १००८१२ | ५ | २३४ | ६८२ | १०९ |




राष्ट्रिय जनगणना २०६८ अनुसार बाणगङ्गा नगरपालिकाको धर्मको आधारमा जनसङ्ख्या वितरण तल तालिकामा उल्लेख गरिए अनुसारको छ ।

**तालिका १.३ धर्मका आधारमा जनसङ्ख्या**

| धर्म | वडा नं | | | | | | | | | | | वडागत जम्मा | प्रतिशत (%) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | | |
| हिन्दु | ६५८६ | ११००६ | ७२०० | १०९२५ | ७२३७ | ६२७७ | ९१२८ | ११५४५ | ७९१६ | ८७८९ | १०९२० | ९७५२९ | ९६.७४ |
| बौद्ध | २३३ | ३६१ | १४५ | १७५ | १५ | १ | ११५ | १५८ | २३१ | ३० | २७ | १४९१ | १.४८ |
| मुस्लिम | | | १८ | १३१ | ६१ | २२ | १९ | २३८ | २४ | ५०४ | ३०८ | १३२५ | १.३१ |
| क्रिश्चियन | २५ | ४५ | ३६ | ५८ | ७ | ११ | ४३ | २ | २० | ३८ | २४ | ३०९ | ०.३१ |
| बोन | | | | | | | १२५ | | | ६ | १ | १३२ | ०.१३ |
| किरात | | | | | | | ४ | | | | ५ | ९ | ०.०१ |
| सिख | | २ | १ | १ | | | | | २ | | २ | ८ | ०.०१ |
| जैन | | १ | | | | | ३ | | | | | ४ | ०.०० |
| अन्य | १ | | | ४ | | | | | | | | ५ | ०.०० |
| **जम्मा** | ६८४५ | ११४१५ | ७४०० | ११२९४ | ७३२० | ६३११ | ९४३७ | ११९४३ | ८१९३ | ९३६७ | ११२८७ | १००८१२ | १०० |

*स्रोत: घरपरिवार सर्भेक्षण २०७७*

## १.६ आर्थिक गतिविधि र पेसा

नगरपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषि, वन, मत्स्यपालन, उद्योग, पानी, निर्माण, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको वनोट तथा समतल भएको यस नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको तराईको क्षेत्र भएको हुँदा नगरपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्षरुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। नगरका सबै वडाहरुमा रणनीतिक तथा शहरी सडक सञ्जालका कारण नगरका सबै वडा तथा जिल्लाभित्रका सबै नगरपालिकाहरूमा पहुँच सहज बनाएको छ। जिल्लाको विकासका लागि विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरू कार्यरत रहनु, सुशासन तथा पारदर्शिताका लागि विभिन्न ऐन, कानुन, नीति, नियम कार्यान्वयनमा रहनू लगायत विभिन्न अवसरहरू नगरपालिकाको विकासका सकारात्मक पक्षहरु रहेका छन्। मिल, फर्निचर उद्योग, क्रसर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन्। यस नगरपालिकाका मानिसहरु उल्लेखनीयरुपमा औद्योगिक विकासतर्फ लागिरहेका देखिन्छ। यस नगरपालिकाको अर्को मुख्य आर्थिक आधार वैदेशिक रोजगार रहेको देखिन्छ। यद्यपि यो त्यति सकारात्मक भने होइन। यस नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ। सहकारी संस्थाहरुले स्थानीयस्तरको बचतलाई नगरपालिकाबाट बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आयमूलक कार्यमा लगानी गरिरहेका छन। यस नगरपालिकामा जम्मा ६७ वटा सहकारी संस्था र २० वटा बैंकले आर्थिक गतिविधि सञ्चालन गरी रहेका छन्।

## १.७ जनसङ्ख्याको गतिशीलता र बसाइँ सराइ

| आ.व. | | वडा नं. | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | |
| बसाई सराई | सरी आएको | ३५ | २६ | १६ | २१ | ७ | ६ | १२ | ३६ | ८ | १७ | १० | १९४ |
| | सरी जाने | १४ | ८ | ४ | ९ | ६ | २ | २ | ३ | ४ | ३ | ४ | ५९ |
| कूल जम्मा | | ४९ | ३४ | २० | ३० | १३ | ८ | १४ | ३९ | १२ | २० | १४ | २५३ |

## १.८ भौतिक पूर्वाधार

बाणगङ्गा नगरपालिकाका सबै वडाहरुमा सडक सञ्जाल पुगेको छ। नगरपालिकामा भौतिक पूर्वाधारको क्षेत्रमा मुख्य गरी महेन्द्र राजमार्ग, हुलाकी लोकमार्ग र अन्य सहायक मार्गहरु रहेका छन। विद्युतको पहुँच सवै वडामा करिव ९९ प्रतिशत घरमा छ भने सञ्चारको क्षेत्रमा नेपाल टेलिकम र एनसेलले सेवा प्रदान गरि रहेका छन्।

## १.९ नगरपालिकामा उपलब्ध अन्य कार्ययोजनाहरु र वास योजनाको सम्वन्ध

- सरसफाइ सँग सम्वन्धी योजना
- खानेपानी योजना (प्रत्येक वडामा निर्माणाधीन तथा मौजुदा योजनाहरु)
- शौचालय निर्माणका योजनाहरू
- नाला तथा ढल निर्माण सँग सम्वन्धी योजना

## १.१० वास क्षेत्रमा कार्यरत विकासका साझेदारहरु

यस नगरपालिकामा खानेपानी तथा सरसफाइका क्षेत्रमा खानेपानी योजनाका उपभोक्ता समितिहरु, टोल विकास संस्थाका पदाधिकारीहरु सक्रिय रुपमा कार्यरत रहेका छन। ।

# अध्याय २: खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति

## २.१ बाणगङ्गा नगरपालिकाको खानेपानीको अवस्था

### २.१.१ नगरपालिकामा खानेपानीका प्राथमिक स्रोतहरु:

बाणगङ्गा नगरपालिकाका सबै ११ वटा वडाका २०३२३ घरधुरीको खानेपानी तथा सरसफाइ तथा स्वच्छता सर्वेक्षण गरि तथ्याङ्क सङ्कलन गरिएको थियो। प्राप्त mWater घरधुरी सर्वेक्षण प्रतिवेदन अनुसार पानीको प्रयोगका आधारमा वडागत विवरण तपसिलको रहेको छ।

**तालिका २.१ खानेपानीका प्राथमिक स्रोतहरु**

| वडा | सार्वजनिक धारा | ट्युबवेल (५० मि. भन्दा माथि) | सतहको पानी (खोला, ताल, खोल्सा, नहर) | निजि धारा | संरक्षित मुहान | आकासे पानी | ट्युबवेल (५० मि. भन्दा कम) | असुरक्षित मूल | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५ | ४६ | | १३४८ | १ | | | १ | १४०१ |
| २ | ८ | २४८ | | २०८० | | | ३४ | | २३७० |
| ३ | ६२ | ४२ | २ | ११२ | १ | | १२०८ | १ | १४२८ |
| ४ | ३ | ६ | | २००९ | | | ३०९ | १ | २३२८ |
| ५ | ४६ | ५८० | ४ | ४८५ | | | २९० | २ | १४०७ |
| ६ | ३० | ७०३ | ५ | २ | २ | ३ | ४५८ | १५ | १२१८ |
| ७ | २५ | ८६९ | १ | ७२३ | | ३ | २७८ | १ | १९०० |
| ८ | ५३ | ५०० | १ | १८७० | १ | १ | १३२ | १ | २५५९ |
| ९ | १६९ | ४ | ३ | ३ | १ | | १५०३ | | १६८३ |
| १० | २२६ | ४८ | ३ | ७१६ | | | ८१७ | | १८१० |
| ११ | १७ | १४३७ | ६ | ७३१ | | १ | २७ | | २२१९ |
| **जम्मा** | **६४४** | **४४८३** | **२५** | **१००७९** | **६** | **८** | **५०५६** | **२२** | **२०३२३** |

### २.१.२ नगरपालिकामा खानेपानीको (संयुक्त अनुगमन कार्यक्रम)

संयुक्त राष्ट्रसंघको संयुक्त अनुगमन कार्यक्रम (JMP) को परिभाषा अनुसार बाणगङ्गा नगरपालिकाका सम्पूर्ण २०३२३ घरपरिवारहरुको खानेपानीको सुविधाको स्तर विश्लेषण गरिएको छ । जस्मा २०२६८ घरपरिवार आधारभूत स्तरमा रहेको पाइएको छ भने ५५ घरपरिवारहरु असुरक्षित वा आधारभूत खानेपानीको सेवा बाट वंचित रहेको देखिन्छ ।

**खानेपानी सेवाको परिभाषा तथा सूचकहरु**


**सुरक्षित तरिकाले व्यवस्थापन गरिएको खानेपानी (Safely Managed)**: आधारभूत खानेपानी स्रोत जुन घर परिसरभित्र जतिवेला पनि उपलव्ध छ र दिसाजन्य तथा अन्य प्रमुख रासायनिक प्रदूषणबाट (जस्तै **Arsenic**) मुक्त छ।

**आधारभूत खानेपानी सेवा (Basic Service):** सुधारिएको खानेपानीको स्रोत, पानी संकलन समय ३० मिनेटभन्दा कम लाग्ने ।

**सिमितखानेपानी सेवा (Limited Service):** खानेपानीका असुरक्षित स्रोत र पानी संकलन समय ३० मिनेट भन्दा बढि लाग्ने

**तालिका नं २.२ खानेपानीको सुविधा स्तर**

| वडा | आधारभुत सुविधा | सिमित सुविधा | सुरक्षित सुविधा | असुरक्षित सुविधा | कुल जम्मा |
|---|---|---|---|---|---|
| १ | २५८ | | ११४३ | | १४०१ |
| २ | ४२१ | १ | १९४८ | | २३७० |
| ३ | १२९४ | | १३४ | | १४२८ |
| ४ | ३७३ | | १९५५ | | २३२८ |
| ५ | ७२३ | | ६८४ | | १४०७ |
| ६ | ६४२ | | ५७६ | | १२१८ |
| ७ | ६३१ | १ | १२६८ | | १९०० |
| ८ | १३७७ | | ११८२ | | २५५९ |
| ९ | १५१५ | | १६८ | | १६८३ |
| १० | ९६४ | | ८४५ | १ | १८१० |
| ११ | ६४८ | | १५७१ | | २२१९ |
| जम्मा | ८८४६ | २ | ११४७४ | १ | २०३२३ |



**तालिका नं २.३ खानेपानीको स्तर (दिगो विकास लक्ष्यको आधारमा)**

| खानेपानीको स्तर | सुरक्षित व्यवस्थित सेवा | आधारभूत सेवा | सीमित सेवा | सेवा छैन |
|---|---|---|---|---|
| प्रतिशत | ५६.४५ | ४३.५२ प्रतिशत | ०.०१० | ०.००५ |

## २.१.२ मौजुदा खानेपानी प्रणालीहरु

बाणगङ्गा नगरपालिकामा हालसम्म नौंवटा पाइप प्रणालीको खानेपानी योजना सञ्चालनमा रहेको छ ।

**तालिका नं : २.४ मौजुदा खानेपानी प्रणालीहरुको विवरण**

| क्र. सं. | योजनाहरुको नाम | वडा नं. | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ५ | ६ | ७ | ८ | ११ |
| १ | गजेहडा खानेपानी उपभोक्ता तथा सरसफाइ समिति | ५०८ | | | | | | |
| २ | बाणगङ्गा र गजेहडा खानेपानी उपभोक्ता तथा सरसफाइ समिति | ८४५ | | | | | | |
| ३ | बाणगङ्गा खानेपानी उपभोक्ता तथा सरसफाइ समिति | | २००० | | | | | |
| ४ | बुद्ध खानेपानी उपभोक्ता तथा सरसफाइ समिति | | २०१ | | | | | |
| ५ | दुर्गादेवी खानेपानी उपभोक्ता तथा सरसफाइ समिति | | | ८४ | | | | |
| ६ | मधौलिया खानेपानी उपभोक्ता तथा सरसफाइ समिति | | | ४४७ | | | | |
| ७ | लक्ष्मणघाट खानेपानी उपभोक्ता तथा सरसफाइ समिति | | | | ७ | | | |
| ८ | कल्याणकारी खानेपानी उपभोक्ता तथा सरसफाइ समिति | | | | | २८३ | | |
| ९ | मोतिपुर खानेपानी उपभोक्ता तथा सरसफाइ समिति | | | | | ३८४ | | |
| १० | मोतिपुर खानेपानी उपभोक्ता तथा सरसफाइ समिति | | | | | | ५१९ | |
| ११ | शिव पार्वती खानेपानी उपभोक्ता तथा सरसफाइ समिति | | | | | | १२१० | |
| १२ | आदर्श खानेपानी उपभोक्ता तथा सरसफाइ समिति | | | | | | | ७७ |
| १३ | बरवा खानेपानी उपभोक्ता तथा सरसफाइ समिति | | | | | | | ४ |

### २.१.३ निर्माणाधीन खानेपानी प्रणालीहरु

बाणगङ्गा नगरपालिकामा विभिन्न निकायहरुको सहयोगमा निर्माणाधीन खानेपानी प्रणालीहरु तपसिलका रहेका छन ।


**तालिका नं : २.५ निर्माणाधीन खानेपानी प्रणालीहरुको विवरण**

| क्र सं | योजनाको नाम | लाभान्वित क्षेत्र | वडा नं | लाभान्वित | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | घर | जनसङ्ख्या | |
| १ | मालिका खानेपानी योजना | बण्डौली, लौगाई | ८ | ५७५ | २८७५ | |
| २ | भलवाड खानेपानी योजना | भलवाड | ५ | ५०० | २५०० | |
| ३ | धनेशपुर खानेपानी योजना | धनेशपुर | ८ | ४५० | २२५० | |
| ४ | ओदारी खानेपानी योजना | ओदारी | ११ | ७९५ | ३९७५ | |

घरपरिवार सर्वेक्षणमा पानीको पर्याप्तताको सर्वेक्षण गर्दा सबै कामका लागि पुग्छ भन्ने घरपरिवार ९९.७२ प्रतिशत थिए। खानेपानी पिउन योग्य छ कि छैन भनि गरिएको धारणा सर्वेक्षणमा ९९.७२ प्रतिशत घरपरिवारले पिउन योग्य छ , ०.००३ प्रतिशत परिवारले पिउन योग्य छैन भने तर ७८.२ प्रतिशत घर परिवारले पानी शुद्धीकरण नगरी प्रयोग गर्ने गरेका, १८.८ प्रतिशत घरपरिवारले पानी कहिले काँहिमात्र शुद्धीकरण गरेर प्रयोग गर्ने र ३ प्रतिशत परिवारले सधैं शुद्धीकरण गरेर प्रयोग गर्ने गरेको बताएका छन्।

**तालिका नं : २.६ खानेपानी भरेर ल्याउने समय**

| पानिको पहुँच | वडा नं. | | | | | | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | |
| १५ मिनेट भन्दा बढी ३० मिनेट सम्म | २ | १ | ५ | | १ | ५ | | ३ | | ४२ | ५३ | ११२ |
| ३० मिनेट भन्दा माथी | २६ | १ | २ | | १ | १ | २ | | १ | ९ | ४६ | ८९ |
| ५ मिनेट भन्दा बढी १५ मिनेट सम्म | ४ | | ५० | ३ | २७ | ११२ | ११ | ७ | २६ | ६५ | २३० | ५३५ |
| निजि धारा | ११३१ | २०४६ | १३०१ | २२८८ | १०८८ | २४७ | १५५४ | १९१७ | ६१ | १६३१ | ८१५ | १४०७९ |
| ५ मिनेट वा कम | २३८ | ३२२ | ७० | ३७ | २९० | ८५३ | ३३३ | ६३२ | १५९५ | ६३ | १०७५ | ५५०८ |
| जम्मा | १४०१ | २३७० | १४२८ | २३२८ | १४०७ | १२१८ | १९०० | २५५९ | १६८३ | १८१० | २२१९ | २०३२३ |



### २.१.७ खानेपानीको समग्र अवस्था

बाणगङ्गा नगरपालिकामा समग्र खानेपानीको हालको अवस्था र प्रस्तावित तथा निर्माणाधीन योजनाहरुको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं : २.७ खानेपानी समग्र अवस्था (घरधुरी तथा जनसङ्ख्याको आधारमा)**

| वडा नं | जम्मा | | मौजुदा योजनाबाट | | वास योजनामा प्रस्तावितबाट | | मौजुदा योजना बाट विस्तार | | निर्माणधिन योजनाबाट | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | जनसङ्ख्या | घरधुरी | जनसङ्ख्या | घरधुरी | जनसङ्ख्या | घरधुरी | जनसङ्ख्या | घरधुरी | जनसङ्ख्या |
| १ | १४०१ | ६८४५ | १३५३ | ६७६५ | | | | | | |
| २ | २३७० | ११४१५ | २२०१ | ११००५ | | | | | | |
| ३ | १४२८ | ७४०० | | | | | | | १४२८ | ७१४० |
| ४ | २३२८ | ११२९४ | | | | | | | १३२८ | ६६४० |
| ५ | १४०७ | ७३२० | ५३१ | २६५५ | | | | | ६०० | ३००० |
| ६ | १२१८ | ६३११ | ७ | ३५ | | | | | | |
| ७ | १९०० | ९४३७ | ६६७ | ३३३५ | | | | | ११५५ | ५७७५ |
| ८ | २५५९ | ११९४३ | १७२९ | ८६४५ | | | | | | |
| ९ | १६८३ | ८१९३ | | | | | | | ८५० | ४२५० |
| १० | १८१० | ९३६७ | | | | | | | | |
| ११ | २२१९ | ११२८७ | ८१ | ४०५ | | | | | ७९५ | ३९७५ |

### २.१.८ संस्थागत (शैक्षिक संस्था र स्वास्थ्य संस्था) हरुमा खानेपानी सुविधा

बाणगङ्गा नगरपालिकामा रहेका जम्मा ४७ वटा सामुदायिक, संस्थागत तथा बाल शिक्षा केन्द्र, विद्यालयहरु तथा कलेजहरु मध्ये २९ वटा आधारभूत तहका विद्यालय १६ वटा माध्यामिक तहका विद्यालय र ६० वटा बालशिक्षा केन्द्र, ४ कलेजहरु, ३ धार्मिक विद्यालय, १ सामुदायिक सिकाइ केन्द्र रहेका छन। जम्मा ४७ वटा विद्यालय मध्ये ३२ वटामा खानेपानीको सुविधा उपलब्ध छ। खानेपानी सुविधा उपलब्ध भएका जम्मा ३२ वटा विद्यालय र २८ वटा विद्यालयमा ट्युबवेलको पानी प्रयोग गर्ने गरेका छन। पानी उपलब्ध ३२ विद्यालय मध्ये केवल २ वटाले मात्र शुद्धीकरण गर्ने गरेका र बाँकी ३० विद्यालयमा पानी शुद्धीकरणको कुनै पनि प्रक्रिया नअपनाई सिधैँ प्रयोग गर्ने गरेको पाइयो।

सम्पूर्ण शैक्षिक संस्थाहरुको खानेपानी सुविधा को अवस्था, स्रोतहरु र अन्य विस्तृत तथ्याङ्कहरु अनुसूची ५.३ मा प्रस्तुत गरिएको छ।

### स्वास्थ्य संस्थाहरुमा खानेपानी सुविधा

बाणगङ्गा नगरपालिकामा भएका सम्पूर्ण ११ वटा स्वास्थ्य संस्थाहरुमा ट्युबवेलको पानी उपलब्धता छ भने ५ वटा स्वास्थ्य संस्थाहरुले पाईप प्रणालीको पानी प्रयोग गरेको पाईयो। पानीको गुणस्तर जाँच सम्बन्धमा ७ वटा संस्थाहरुमा गुणस्तर जाँचिएको सुरक्षित हाते पम्प प्रयोग भएको पाईयो।

**तालिका २.८ स्वास्थ्य संस्थाहरुमा पानीको सुविधाको अवस्था**

| सि न | स्वास्थ्य संस्था | वडा नं | पाइप प्रणालीको पानी प्रयोग गर्ने | सुरक्षित हाते पम्प वा इनारको पानी प्रयोग गर्ने | असुरक्षित इनार तथा खोलाको पानी प्रयोग |
|---|---|---|---|---|---|
| १ | आधारभुत स्वास्थ्य केन्द्र | १ | छ | | |
| २ | पिपरा अस्पताल | २ | छ | | |
| ३ | आधारभुत स्वास्थ्य केन्द्र | ३ | | सुरक्षित हाते पम्प | |
| ४ | गजेहडा स्वास्थ्य चौकी | ४ | छ | | |
| ५ | कोपवा स्वास्थ्य चौकी | ५ | छ | | |
| ६ | आधारभुत स्वास्थ्य केन्द्र | ६ | | सुरक्षित हाते पम्प | |
| ७ | आधारभुत स्वास्थ्य केन्द्र | ७ | | सुरक्षित हाते पम्प | |
| ८ | मोतिपुर स्वास्थ्य चौकी | ८ | छ | | |
| ९ | भलवाड स्वास्थ्य चौकी | ९ | | सुरक्षित हाते पम्प | |
| १० | पटना स्वास्थ्य चौकी | १० | | सुरक्षित हाते पम्प | |
| ११ | हथौसा स्वास्थ्य चौकी | ११ | | सुरक्षित हाते पम्प | |
| १२ | शहरी स्वास्थ्य किलिनिक | ११ | | सुरक्षित हाते पम्प | |

**संस्थागत कार्यालयहरुमा खानेपानी सुविधा**

बाणगङ्गा नगरपालिकामा रहेका ३० वटा सरकारी तथा अन्य गैर सरकारी कार्यालयहरुको खानेपानीको अवस्था अध्ययन गर्दा रहेका सबै कार्यालयहरुमा पाईप प्रणाली र ट्युबवेलको पानी प्रयोग गर्ने गरेको पाईयो।

## २.२ सरसफाइ तथा स्वच्छताको अवस्था

### २.२.१ घरायसी सरसफाइ तथा स्वच्छताको अवस्था


बाणगङ्गा नगरपालिकाका कुल २०३२३ घरधुरीमा घरपरिवार सर्वेक्षण गरिएको थियो। सर्वेक्षण गरिएको तथ्याङ्क अनुसार बाणगङ्गा नगरपालिकामा हालसम्म ९७.६९ प्रतिशतले कच्ची वा पक्की चर्पीको प्रयोग गरेको पाईएयो भने पनि करिव २.३१ प्रतिशत घरपरिवार शौचालय विहीन रहेको देखिन्छ र ८७.४३ प्रतिशत घरपरिवारको पक्कि शौचालय , ७.९५ प्रतिशत कच्चि शौचालय रहेका छन। गत असोज १३, २०७६ का दिनमा राष्ट्रलाई नै खुला दिसामुक्त राष्ट्र घोषणा गरिसकेको अवस्थामा पनि बाणगङ्गा नगरपालिकाले तदारुकताका साथ खुला दिसामुक्तको अवस्थामा पुग्नु अपरिहार्य भएको छ।

सो घरपरिवार सर्वेक्षणको तथ्याङ्क अनुसार घरायसी चर्पीको अवस्था तपसिलको देखिएको छ।

**तालिका २.९ घरधुरी सर्वेक्षणमा वडागत शौचालयको विवरण**

| शौचालयको अवस्था | वडा नं. | | | | | | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | |
| पक्की चर्पी साझेदारी | ४२ | ३ | ५ | २ | १७२ | ८६ | ३२४ | १४ | ५७ | ९ | १ | ७१५ |
| चर्पी नभएको | १५ | ३ | २४ | ३२ | ३५ | ५५ | ५१ | ३८ | ५७ | ११८ | ४१ | ४६९ |
| पक्की दुई खाल्डे | ४६० | ८१७ | ५८१ | २७२ | २०८ | २२० | ४६० | ४२७ | ८८९ | ५१० | ११४६ | ५९९० |
| गोबर ग्यास जडित शौचालय | १० | १८ | ५१ | ७९ | ६१ | ७७ | ६२ | १८० | १३४ | १ | १४२ | ८१५ |


| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आफ्नै एक खाल्डे पक्की चर्पी | २४ | ७६ | ७९ | २९ | २८२ | ४ | १५२ | १३७ | ३ | ९९ | १२ | ८९७ |
| आफ्नै एक खाल्डे ढल जोडिएको पक्की चर्पी | १७ | १२५ | ६३ | २० | ७ | ५ | २७ | १०९ | २ | २९१ | ९ | ६७५ |
| आफ्नै सेफ्टी टंकी जोडिएको पक्की चर्पी | ५३२ | ९४० | २३४ | ४२७ | १६५ | १७० | ७४४ | ५०४ | २४९ | ४८ | ४८७ | ४५०० |
| लेदो प्रसोधन सुविधा भएको पक्की चर्पी | २१५ | ३२१ | ५१ | ११११३ | ९९ | ३६२ | २ | ७७१ | | ६३९ | ६ | ३५७९ |
| जमिनसम्म पक्की तर बाहिरी संरचना नभएको | ६ | १ | १८९ | २५ | १७ | २९ | २४ | २३७ | ४ | | ६६ | ५९८ |
| कच्ची चर्पी | ८० | ६६ | १५१ | ३२९ | ३६१ | २१० | ५४ | १४२ | २८८ | ९५ | ३०९ | २०८५ |
| जम्मा | १४०१ | २३७० | १४२८ | २३२८ | १४०७ | १२१८ | १९०० | २५५९ | १६८३ | १८१० | २२१९ | २०३२३ |





चर्पी प्रयोग गर्ने नगर्ने घरधुरी संख्या वडागतरुपमा

| वडा नं. | चर्पी प्रयोग गर्ने घरधुरी | चर्पी प्रयोग नगर्ने घरधूरी | वडा नं. | चर्पी प्रयोग गर्ने घरधुरी | चर्पी प्रयोग नगर्ने घरधूरी |
|---|---|---|---|---|---|
| **१** | १३८६ | १५ | **७** | १८४९ | ५१ |
| **२** | २३६७ | ३ | **८** | २५२१ | ३८ |
| **३** | १४०४ | २४ | **९** | १६२६ | ५७ |
| **४** | २२९६ | ३२ | **१०** | १६९२ | ११८ |
| **५** | १३७२ | ३५ | **११** | २१७८ | ४१ |
| **६** | ११६३ | ५५ | **जम्मा** | **१९८५४** | **४६९** |

घरवरिपरिको सरसफाइको अवस्था सर्वेक्षणमा करिब ४७.७ प्रतिशत घरहरुमात्र एकदम सफा रहेका छन् , ५.२३ प्रतिशत घरहरु फोहोर र बांकी ४७.०७ प्रतिशत घरहरु मध्यम अवस्थामा रहेका छन् । करिब २८ प्रतिशत घरधुरीमा शौचालय वरिपरि हात धुने सुविधा छैन भने ७८ प्रतिशत स्थानमा मात्र साबुन सहितको हात धुने सुविधा छ ।




घरबाट निस्केको तरल फोहोर करिव १८.८४ प्रतिशत घर परिवारले करेशावारीमा, करिव ५०.३२ प्रतिशतले खुला ठाउँ, १०.४६ जँहा पायो तेहिँ २०.३८ र ४८ प्रतिशतले ढल वा सेप्टिक टङ्किमा बगाउने गरेका छन् । ठोस फोहोर व्यवस्थापनको अवस्था झनै कहाली लाग्दो नै छ, करिब ९८.६२ प्रतिशत घरपरिवारको फोहोर व्यवस्थापन स्वयमले नै गर्ने र २.३२ प्रतिशत घरपरिवारको फोहोर सेवा प्रदायकले फोहोर सङ्कलन गर्ने गरेको पाइयो । घरपरिवारमा करिब १६ प्रतिशत घरपरिवारले कुहिने र नकुहिने फोहोर अलग -अलग गर्ने गरेका र करिब ८४ प्रतिशत घरपरिवारले कुहिने र नकुहिने फोहोर अलग-अलग गर्ने गरेका छैनन् ।



**तालिका नं २.१० सरसफाइको स्तर (दिगो विकास लक्ष्यको आधारमा)**

| सरसफाइको स्तर | सुधारिएको सेवा | आधारभूत सेवा | सीमित सेवा | सुविधा नै नभएको |
|---|---|---|---|---|
| प्रतिशत | ०.०० | ७५.८६ | १३.२२ | १०.९२ |

बाणगङ्गा नगरपालिकामा सरसफाइ सेवाहरु दिगो विकास लक्ष्य (एसडीजी) का परिभाषाहरु प्रयोग गरी मूल्याङ्कन गरिएको थियो। व्यवस्थित सरसफाइमा गोवरग्यांस जडित र डबल पिट भएका शौचालयहरु छन् सेप्टिक टङ्कि भएका शौचालयहरु लाई आधारभूत सरसफाइ र कच्चि चर्पीहरुलाइ नसुधारिएको सुविधामा राखिएको छ। परिभाषाका लागि संगैको बक्स हेर्नुहोस।

बाणगङ्गा नगरपालिका प्रत्येक घरका आफ्नै स्थायी शौचालयका सन्दर्भमा पनि अब खाडल भरियो भने के गर्ने भन्ने बारे पनि सोच्ने समय आइसकेको छ, तर एउटा मात्र खाडल भएको शौचालयमा खाडलमा भएको फोहोर कम्पोष्ट हुन पाएको हुँदैन त्यसैले यो भरिएमा खाली गर्न गाह्रो हुन्छ। त्यसैले पूर्ण सरसफाइ कार्यक्रममा दुई खाल्डे चर्पीलाई प्रर्वद्धन गर्ने पनि एजेण्डा हुनूपर्छ जसले गर्दा सबै घर परिवारलाई अर्को खाल्डो कहाँ खन्ने भनेर सोच्न प्रोत्साहित गरोस्।

बाणगङ्गा नगरपालिकाका केहीँ घरहरुमा वैज्ञानिक ढलनिकासको व्यवस्था भएको र फोहोर व्यवस्थापनका लागि ल्याण्डफिल साइट तथा ढल निकासको प्रवन्ध रहेको पाइयो। व्यवस्थित सरसफाइ अर्न्तगत गोवरग्यांस जडित र डबल पिट भएका शौचालयहरु छन् सेप्टिक टङ्कि भएका शौचालयहरु लाई आधारभूत सरसफाइ र कच्चि चर्पीहरुलाई नसुधारिएको सुविधामा राखिएको छ। परिभाषाका लागि सँगैको बक्स हेर्नुहोस।

> **JMP अनुसार सरसफाइको परिभाषा**
>
> - सुरक्षितरुपले व्यवस्थित सरसफाई
>   दिगो विकास लक्ष्यले सुरक्षित रूपले व्यवस्थित सरसफाइलाई सुधारिएका सुविधाहरूको प्रयोग जुन अन्य परिवारसँग साझेदारी गरिएको छैन र जहाँ फोहरलाई उत्पतिस्थानमै, वा सुरक्षित रुपले फोहोर फाल्ने स्थानमा ढुवानी गरी व्यबस्थापन गरिएको रुपमा परिभाषित गरेको छ। नेपालको सन्दर्भमा यो सामान्यतया डबल (पिट शौचालयहरूमामात्र सम्भव हुन्छ जहाँ एउटा पिट भरिएको खण्डमा अर्को प्रयोग गरिन्छ र पिटमा कम्पोष्ट हुदै गर्छ जसले गर्दा भरिएको पिट कच्चा रुपमानै फोहर निकालेर खाली गर्नु पर्दैन। सवेक्षण गर्दा प्रायोग गरिएका अन्य परिभाषाहरु निम्नानुसार छन्
> - आधारभुत BASIC: पक्की शौचालय भएको तर अरु घरसँग साझेदारी नगरिएको एकल सेप्टिक टैंक भएका शौचालयहरु०
> - सीमित LIMITED पक्की शौचालय भएको तर अरु घरसँग पनि साझेदारी गरिएको
> - नसुधारिएको UNIMPROVED: कच्ची शौचालयहरु भएको
> - खुल्ला दिशा (शौचालय नभएको)
>
> स्रोत JMP, https://washdataorg/monitoring/sanitation)

## २.२.२ सार्वजनिक शौचालय

यस नगरपालिकाभित्र जम्मा ३ वटा सार्वजनिक शौचालयहरु छन भने ती ३ वटा मध्ये पनि केवल २ वटा मात्र सञ्चालनमा रहेका छन र एक वटा शौचालय सम्पूर्ण रुपले राम्रो भए पनि सञ्चालनमा रहेको छैन। शौचालयहरुमा पानीको व्यवस्थापनका लागि हाते पम्प जडान गरिएको छ। तथापि सञ्चालनमा आएका २ वटा सार्वजनिक शौचालयहरु मध्ये २ वटाको नै सरसफाइको अवस्था सन्तोषजनक रहेको छैन। सार्वजनिक शौचालय प्रयोगका लागि १ वटा शौचालयमा निशुल्क छ भने अर्को २ वटा शौचालय प्रयोग गरे वापत शुल्क निर्धारण गरिएको छ। प्रयोगमा आएका २ वटै सार्वजनिक शौचालयहरुमा १ वटामा मात्र हातधुने सुविधा छ भने अर्कोमा मात्र महिनावारी व्यवस्थापन र अपाङ्ग मैत्री सुविधा छ। सार्वजनिक शौचालयहरुको मर्मत संभार तथा सञ्चालन एउटा चुनौतीको रुपमा रहेको छ। नगरपालिका भित्रका मोबाइल शौचालय बाणगंगा गजेहडा भू.पू.सैनिक खानेपानी उपभोक्ता तथा सरसफाई समितिको पहलमा १ वटा मोबाइल शौचालनय संचालनमा रहेको छ।

## २.२.३ शैक्षिक संस्थाहरुमा सरसफाइ तथा स्वच्छता अवस्था

बाणगङ्गा नगरपालिकामा रहेका सम्पूर्ण सामुदायिक तथा संस्थागत शैक्षिक संस्थाहरुको सरसफाइ तथा स्वच्छताको अवस्थलाई मूल्याङ्कनगर्दा शौचालयहरुमा पानीको उपलब्धता, पर्याप्तता, सावुनपानी र हातधुने सुविधा, महिनावारी स्वच्छता व्यवस्थापन, ठोस तथा तरल फोहोर व्यवस्थापनआदि सूचक राखेर तथ्याङ्क लिइएको थियो।

बाणगङ्गा नगरपालिकामा रहेका सम्पूर्ण ७२ विद्यालयहरु मध्ये ४७ सामुदायिक तथा २५ संस्थागत विद्यालयमा शौचालय छ र ८३ सामुदायिक विद्यालय मध्ये ८३ वटा विद्यालयमा पानीको सुविधा रहेको छ। शौचालय भएका ८३ विद्यालय मध्ये ८० वटा विद्यालयको शौचालयमा अपाङ्गतामैत्री सुविधा (Ramp) भएको पाइयो भने १४ वटा विद्यालयमा नभएको पाइयो। त्यस्तै जोखिमपूर्ण अवस्थामा साबुनपानीले ८० वटा विद्यालयमा मात्र हात धुने सुविधा उपलब्ध रहेको र २७ वटा विद्यालयमा मात्र किशोरीहरुको लागि स्यानिटरी प्याड उपलब्धता रहेको र २७ वटा विद्यालयमा इन्सिनेटरमा विसर्जन गर्ने गरेको र कुल ८३ वटा शौचालयम भएका विद्यालयमध्ये ८३ वटा विद्यालयमा मात्र लैङ्गिक रुपले सुरक्षित रहेका छन।

### २.२.४ स्वास्थ्य संस्थाहरुमा सरसफाइ तथा स्वच्छता अवस्था

बाणगङ्गा नगरपालिकामा भएका जम्मा १२ वटा स्वास्थ्य संस्थाहरुमध्यै १२ वटैमा शौचालय रहेको पाईयो। स्वास्थ्य संस्थाहरुमा सरसफाइ र स्वच्छताको अवस्था राम्रो देखियो। १२ वटा शौचालयमध्यै १० वटामा बालमैत्री सुविधा, अपाङ्गमैत्री सुविधा र महिनावारी व्यवस्थापनको सुविधा (शौचालयमा ढकन सहितको डस्टबिन) रहेको पाइयो। सबै स्वास्थ्य संस्थाहरुमा ठोस फोहोर सङ्कलनका लागि प्लाष्टिक व्याग र डस्टबिन रहेको छन।

### २.२.५ महामारीको प्रकोप

बाणगङ्गा नगरपालिकाका अनुसार विगत ५ वर्षमा पानीजन्य रोगको महामारीको प्रकोप नदेखिएको।

## २.३ खानेपानी गुणस्तर अवस्था

यस बाणगङ्गा नगरपालिका भित्रको खानेपानीको अवस्थालाई हेर्दा खानेपानीको उपलब्धता सन्तोषजनक देखिएता पनि पाईप प्रणालीबाट र अन्य प्रणालीको स्रोतबाट खानेपानी उपयोग गर्ने घरधुरीहरुको संख्या करिब करिब बराबार जस्तो देखिन्छ ।

प्राय घरधुरीमा स्यालो टिब पानी पिउनेको सङ्ख्या धैरै देखियो तर त्यस पानीको गुणस्तर तथा आरसेनिकको अवस्था जाँच गरिएको छैन। स्यालो ट्युवेल निर्माण गर्दा पालना गर्नुपर्ने पूर्ण मापदण्ड पूरा गरिएको छैन। नगरभित्र केही मात्रामा घरधुरीले खोला तथा सतहको पानी शुद्धीकरण नगरी सिधै प्रयोग गरेको भेटियो।

## २.४ विपद जोखिम तथा जलवायु परिवर्तन असर स्थानीय अनुकूलनका प्रयासहरु

यस नगरपालिकाको पाश्र्वचित्र २०७५ अनुसार विपद जोखिमको अवस्था विश्लेषण गर्दा प्रमुख जोखिमको रुपमा भूकम्प, बाढी, आगलागी, महामारी, शीतलहर, जङ्गली जनावर आतङ्क, मौसमी सुख्खा, किट आतङ्क, चट्यागं प्रमुख रुपमा आएका थिए। खानेपानी, सरसफाइ र स्वच्छताका क्षेत्रमा त्यस्ता विपदहरुले गम्भीर असर पर्ने गरेका छन्। यससम्बन्धी विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २.११ नगरपालिकामा हुन सक्ने सम्भावित प्रकोपको विवरण**

| क्र.स. | संभावित प्रकोप | विद्यमान अवस्था | समय |
|---|---|---|---|
| १ | भूकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र नगरपालिकामा भूकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचारसंहित पूर्णरुपमा लागु नभएको, | जुनसुकै समयमा |
| २ | बाढी | नगरमा विशेषतः साना ठूला नदी र खोलाहरु बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरुले आसपासका भुभागहरु वर्षेनी थौरै सङ्ख्यामा परिवार प्रभावित भैरहेका छन्। | जेष्ठ/असोज |

| क्र.स. | संभावित प्रकोप | विद्यमान अवस्था | समय |
|---|---|---|---|
| ३ | आगलागी | नगरको धेरै जसो भूभाग घनावस्ती रहेका र अति विपन्न समुदायका घरहरु सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, घरको बनोट हावाहुरी चल्नु र बच्चाहरुले आगोबाल्ने वस्तुहरु खेलाउँदा आगलागीका घटना बढी हुने गरेको , | चैत्र/जेष्ठ |
| ४ | महामारी | बाढी पश्चान पूर्ण प्रकोपको रुपमा झाडापखाला लगायतका पानी जन्य रोगहरु बढने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूल क्षमताको अभाव, | विपद् पछि |
| ५ | बर्ड फ्लु | अव्यवस्थित कुखुरा पालन, | जुनसुकै समयमा |
| ६ | शीतलहर | चिसोको मात्रा बढ्दै गएको समयमा विपन्न वस्ती बढी प्रभावित, | पुष/माघ |
| ७ | जंगली जनावर आतंक | नगरको बनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरु, | जुनसुकै समयमा |
| ८ | मौसमी सुख्खा | पानी नपरेमा नहरको सिंचाई नपुगेकका भागहरु, | असार/भदौ |
| ९ | किट आतङ्क | जलवायु परिवर्तन, बढी विषदीको प्रयोगका कारण लाभकारी चरा, किराहरु लोप, | खेती मौसम |
| १० | चट्याङ्ग असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा, | जुनसुकै समयमा |

समग्र तराइ क्षेत्रमा जस्तै यस क्षेत्रमा पनि जलवायु परिवर्तनको असरहरु देखिन थालेको बताइन्छ । प्रमुख रुपमा खानेपानीको प्रमुख स्रोतको रुपमा रहेको भूमिगत स्रोतको पानीको सतह घटेको र अतिवृष्टि अनावृष्टिको कारणले बाढिका साथै खडेरी जस्ता समस्याहरु क्रमश बढेका छन् । जलवायु अनुकूलनका लागि योजनाबद्ध तवरबाट कुनै पनि कार्यक्रमको सुरुवात भएको पाइएको छैन ।

## २.५ योजना कार्यान्वयनमा जनताको चासो र योगदानका लागि तत्परता

यस नगरपालिकाका जनतामा खानेपानी, सरसफाइ र स्वच्छताका सम्वन्धमा बढेको चासो झन स्थानीय सरकारको बहाली पश्चात चासोसँगै अपेक्षा पनि झनै बढेको छ । अव सानो तिनो लगानी र जनपरिचालनको लागि खासै समस्या नरहेकोले समुदायमा खानेपानी, सरसफाइ तथा स्वच्छता अभियानलाई परिमाणमुखी बनाउन तदारूकताका साथ लागि परेको देखिन्छ ।

## २.६ पूर्ण सरसफाइ उन्मुख अवस्था तर्फको समग्र अवस्था

यस नगरपालिकामाका खुलादिसामुक्त घोषणा पश्चातपूर्ण सरसफाइको दिशामा अगाडी बढेको छ र नगरपालिका स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति सकिय बनेको छ । युनिसेफ नेपाल र नगरपालिकाको साझेदारीमा नगरपालिकाका सबै वडाहरुमा सरसफाइको कार्यक्रम अगाडी बढि रहेको छ । समग्रमा पूर्ण सरसफाइको अवस्था तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २.१२ पूर्ण सरसफाइ उन्मुख अवस्था तर्फको समग्र अवस्था**

| क्र स | पूर्ण सरसफाइका सूचकहरु | विद्यमान अवस्था | कै |
|---|---|---|---|
| १ | **योजना तर्जुमा तथा व्यवस्थापन**<br>• समन्वय समिति सकिय भएको,<br>• वास प्लान तयार भएको, | • नगरपालिका स्तरीय वास समन्वय समिति गठन भएको,<br>• वास योजना तयारीको क्रममा रहेको,<br>• क्षमता विकासका लागि खानेपानी र सरसफाइ सम्बन्धी तालिमहरु भएका, | |

| क्र स | पूर्ण सरसफाइका सूचकहरु | विद्यमान अवस्था | कै |
|---|---|---|---|
| | • क्षमता विकासका लागि तालिमहरु सञ्चालन गरिएको, | | |
| २ | **चर्पीको समुचित प्रयोगको अवस्था**<br>• प्रत्येक घरधुरी, संघ संस्था र आवश्यकता अनुसार सार्वजनिक स्थानहरुमा चर्पी निर्माण भइ प्रयोग भएको,<br>• साबुन पानीको सुविधा सहितको सुरक्षित र सफा चर्पी रहेको,<br>• खुला ठाउँमा दिसा नभेटिएको,<br>• संघ सस्था र सार्वजनिक शौचालयहरु प्रयोगकर्तामैत्री भएको, | • ९७.६९ प्रतिशत घरधुरीमा, ९७.८७ प्रतिशत विद्यालयहरुमा, १०० प्रतिशत स्वास्थ्य संस्थाहरुमा, १०० प्रतिशत कार्यालयहरुमा चर्पी प्रयोग भइ रहेको,<br>• ९७.६९ प्रतिशत घरधुरीमा, ९७.८७ प्रतिशत विद्यालयहरुमा, १०० प्रतिशत स्वास्थ्य संस्थाहरुमा, १०० प्रतिशत कार्यालयहरुमा चर्पी प्रयोग भइ रहेको,<br>• शौचालय भएका विद्यालयहरु मध्ये ९५ प्रतिशत लैङ्गिकमैत्री र ८७.९५ प्रतिशत अपाङ्गमैत्री, स्वास्थ्य संस्थाहरुमध्ये ८० प्रतिशत लैङ्गिकमैत्री र ६० प्रतिशत अपाङ्गमैत्री । | |
| ३ | **व्यक्तिगत सरसफाइ**<br>• प्रत्येक घरले उपयुक्त स्थानमा साबुन पानी सहितको हातधुने स्थान बनाएको,<br>• घर, विद्यालय, स्वास्थ्य संस्था, कार्यालयहरुमा साबुन पानीले हात धुने सुविधा<br>• घर, विद्यालय, स्वास्थ्य संस्था, कार्यालयहरुमा साबुन पानीले हात धुने, महिनावारी व्यवस्थापन लगायतका व्यक्तिगत सरसफाइ सम्बन्धी ज्ञान र अभ्यास भएको,<br>• व्यक्तिगत सरसफाइमा ध्यान पुर्‍याएको, | • १०० प्रतिशत घरधुरीमा साबुनपानी सहितको हात धुने सुविधा छ ।<br>• ९८.४३ प्रतिशत विद्यालय, ९९ प्रतिशत स्वास्थ्य संस्थामा साबुन सहितको हात धुने सुविधा छ । | |
| ४ | **सुरक्षित पानीमा पहुँच तथा प्रयोग**<br>• आधारभूत स्तरकोपानीमा सबैको पहुंच भएको,<br>• खानेपानी प्रणालीबाट सुरक्षित खानेपानी नभएको अवस्थामा घरायसी, विद्यालय, संघ संस्थामा पानीको शुद्धीकरणका कुनै एक विधिको प्रयोग गरेर मात्र पानी पिउने गरेका,<br>• घरेलु पानी शुद्धीकरणका आवश्यक सामाग्रीहरु स्थानीय बजारमा उपलब्ध भएको, | • खानेपानी योजनाहरुका mWater Inventory प्रतिवेदन अनुसार करिब ३२.३२ प्रतिशत घरहरुमा मात्र पाइप प्रणालीको खानेपानीमा पहुँच पुगेको छ ।<br>• खानेपानीको शुद्धीकरण गर्ने सम्वन्धमा घरायसी तहमा ३ प्रतिशत घरधुरीले संधै शुद्धीकरण गर्ने गरेका, १८.८ प्रतिशत घरधुरीले कहिलेकांही गर्ने गरेका छन् ।<br>• खानेपानीको शुद्धीकरण गर्ने सम्वन्धमा विद्यालयमा तहमा ६.२५ प्रतिशत विद्यालयहरुले शुद्धीकरण गर्ने गरेका, ९३.७५ प्रतिशत विद्यालयहरुले कहिले पनि गर्ने गरेका छैनन ।<br>• खानेपानीको शुद्धीकरणका सम्वन्धमा स्वास्थ्य संस्थाहरुको तहमा २५ प्रतिशत स्वास्थ्य संस्थाहरुले कहिलेकांही गर्ने गरेका छन् भने बांकी ७५ प्रतिशत स्वास्थ्य संस्थाहरुले गर्ने गरेका छैनन् । | |
| ५ | **स्वच्छ र सुरक्षित खानाको प्रयोग** | • यि सूचकहरुमा वास योजना प्रक्रियाका क्रममा सूचना नलिइएको, | |

| क्र स | पूर्ण सरसफाइका सूचकहरु | विद्यमान अवस्था | कै |
|---|---|---|---|
| | • घरको भान्सा, होटल तथा रेष्टुराहरु सफा रहेको र वासी तथा सडेगलेको खाना नखाने र नबेच्ने,<br>• खाना पकाउने र खाने भाँडा सफा हुनूका साथै खानेकुरा र पिउने पानी छोपेर राखेको,<br>• फलफूल तथा खानेकुराहरु राम्रो सँग सफा गरेर एबं पकाएर, तताएर खाने खुवाउने गरेको,<br>• सुरक्षित खानाको लागिकार्यदल गठन गरी कम्तिमा चौमासिक रुपमा अनुगमन हुने गरेको, | | |
| ६ | **घरायसी एवं संस्थागत सरसफाइ**<br>• घर, विद्यालय, संघ संस्थाभित्र तथा बाहिर सफा रहेको,,<br>• विद्यालय, संघ-संस्था तथा सार्वजनिक शौचालयहरुमा महिनावारीमा प्रयोग गरिएका स्यानिटरी प्याड वा अन्य साधनहरुको सफाइ एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था भएको,<br>• घर, आंगन एवं विद्यालय, संघ संस्थाबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने वर्गीकरण गरी ती फोहोरको समुचित व्यवस्थापन गरेको,<br>• घर, आंगन एवं विद्यालय, संघ संस्थाबाट निस्कने फोहोरपानीको सुरक्षित निष्कासन भएको,<br>• अस्पताल, उद्योग, कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित सङ्कलन, निस्कासन तथा विसर्जन सोही संस्थाले गर्ने गरेको,<br>• उपयुक्त तरिकाले पशुपंक्षिको गोठ तथा खोर र मलमूत्र व्यवस्थापन गर्ने गरेको,<br>• भान्सा कोठामा हावा ओहोरदोहोर हुने उचित व्यवस्था तथा धुवारहित चुल्होको प्रयोग भएको, | • घरायसी तहमा करिब १६ प्रतिशत घरपरिवारले कुहिने र नकुहिने फोहोर छुट्याउने गरेका छन् र फोहोर व्यवस्थापनका लागि वैज्ञानिक व्यवस्था छैन ।<br>• घर, आंगन एवं विद्यालय, संघ संस्थाबाट निस्कने फोहोरपानीको सुरक्षित निस्कासनको व्यवस्थापन हुन सकेको छैन ।<br>• अस्पताल, उद्योग, कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित सङ्कलन, निस्कासन तथा विसर्जन सोही संस्थाले गर्ने गरेका छैनन् ।<br>• गोठ सुधारका कार्यक्रम परम्परागत तवरले नै गर्ने गरेका छन् । | |
| ७ | **वातावरणीय सरसफाइ**<br>• गाउँ टोल, नगर एवं चौतारा आदि सार्वजनिक स्थानहरुको सरसफाइको लागि सरसफाइ समिति गठन भएको,,<br>• घरायसी तथा संस्थागत तहमा ठोस तथा तरल फोहोर व्यवस्थापनको आवश्यकता अनुसार उपयुक्त प्रविधिको भएको,<br>• मानव मलमूत्रको व्यवस्थापनका हकमा व्यवस्थित सेप्टिक ट्याङ्कीमा जोडिएको, | • ठोस तथा तरल फोहोर व्यवस्थापनको वैज्ञानिक ढल निकास तथा ल्याण्डफिल साइटको निर्माण गरिएको छ । | |

| क्र स | पूर्ण सरसफाइका सूचकहरु | विद्यमान अवस्था | कै |
|---|---|---|---|
| | पक्कि वाटरशील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको,<br>• नगर वा नगरोन्मुख क्षेत्रमा ठोस फोहोरमैलाव्यवस्थापनका लागि स्यानिटरी ल्याण्डफिल साइटको पहिचान गरी निर्माणको योजना तर्जुमा भएको,<br>• व्यवस्थित ढल प्रणाली (मानव मुत्रीय फोहोर व्यवस्थापन वा वैज्ञानिक फोहोरपानी प्रशोधन प्रणाली योजना तर्जुमा भएको, | | |

# अध्याय ३ : कार्ययोजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण

## ३.१ खानेपानी योजनाहरुको पहिचान तथा योजना

### ३.१.१ नयाँ खानेपानी योजनाहरु

नयाँ खानेपानीहरु निर्माण गर्दा एक घर एक धाराको नीति अवलम्वन गरिनुका साथै भूमिगत पानीको स्रोत भएकोले ओभरहेड टङ्किको अलावा पानी शुद्धीकरणका लागि आवश्यक संरचनाहरु पनि निर्माण गरिने कार्यक्रम राखिएको छ । नयाँ योजना निर्माणका लागि सर्वप्रथम निर्माणाधीन योजनाहरुको सम्पन्न गर्ने कुरालाई प्राथमिकतामा राखेर समन्वय गरिने छ ।

नयाँ खानेपानी योजनाहरु पहिचान गर्दा वडास्तरीय योजना तर्जुमा गोष्ठीबाट प्राप्त खानेपानी योजनाहरुको सूचीलाई पालिका स्तरको गोष्ठीमा प्रस्तुत गरि पारित गर्ने र प्राथमिकता तोक्ने प्रकिया मार्फत गरियो । नगरपालिका स्तरीय गोष्ठीबाट प्रस्तावित खानेपानी योजनाहरुको सूची यस प्रकार रहेको छ ।

बाणगंगा नगरपालिका भित्र बसोबास गर्ने नागरिकहरुका लागि स्वच्छ खानेपानी उपलब्ध गराउन हालसम्म १३ वटा खानेपानी योजनाहरु संचालित छन् । जसबाट करिब ५०% घरधुरीहुरुमा पाईपप्रणालीको खानेपानी उपलब्ध रहेको छ भने बांकी ५०% घरधुरीहरुमा समेत पाईप प्रणालीको खानेपानी सुविधा उपलब्ध गराउन ११ वटा खानेपानी योजनाहरु आगामी वर्षहरुमा सम्पन्न गर्ने गरी प्रस्ताव गरिएको छ । जसलाई अनुसुची ५.१ मा उल्लेख गरिएको छ ।

### ३ २.१.निर्माणाधीन खानेपानी योजनाहरुको मर्मत सम्भार, सुचारुपन र दिगोपन

बाणगङ्गा नगरपालिकामा निर्माणाधीन सम्पूर्ण खानेपानी योजनाहरुको दिगोपन र सुचारुपनलाइ कायम राख्न विविध क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**तलिका नं . ३.१: प्रस्तावित नयाँ योजनाहरु**

| क्र स | क्रियाकलाप र योजना | वडा नं | टोल | घरधुरी | योजनाको किसिम | कैफियत. |
|---|---|---|---|---|---|---|
| १ | मधौलीया खानेपानी | ५ | मधौलिया | ४५० | ओभरहेड ट्याङ्की | |
| २ | कोपवा खानेपानी योजना | ५ | कोपवा | ४८८ | ओभरहेड ट्याङ्की | |
| ३ | ओदारी खानेपानी योजना | ११ | ओदारी | ६०० | ओभरहेड ट्याङ्की | |
| ४ | मालिका खानेपानी योजना | ८ | बण्डौली | ४५० | ओभरहेड ट्याङ्की | |
| ५ | बरवा खानेपानी योजना | ११ | बरवा | ४०० | ओभरहेड ट्याङ्की | |
| ६ | लक्ष्मणघाट खानेपानी योजना | ६ | लक्ष्मणघाट | ४५० | ओभरहेड ट्याङ्की | |

### ३.१.३ खानेपानी सुरक्षा योजना, गुणस्तर पहिचान तथा गुणस्तर सुनिश्चितता

समुदायले प्रयोग गरिरहेका सम्पूर्ण खानेपानी प्रणाली, निर्माणाधीन र प्रस्तावित खानेपानी योजनाहरुमा खानेपानी सुरक्षा योजना लागु गरिने छ । सुरक्षा योजना कार्यान्वयनका लागि अति आवश्यक खानेपानी गुणस्तर परीक्षणका लागि नगरपालिकाका केही प्राविधिक कर्मचारीहरुलाई पानी गुणस्तर परीक्षण तालिममा सहभागी गराएर नगरपालिकामा खानेपानी गुणस्तर परीक्षणको व्यवस्था मिलाइने छ । पानी परीक्षण पश्चात पानीको गुणस्तर कायम गर्न विभिन्न कार्यक्रमहरु सञ्चालनका साथै आवश्यक खानेपानी योजनाहरुमा पानी शुद्धीकरण कार्यक्रम समेत कार्यान्वयन गरिने छ ।


## ३.२ सरसफाइ योजनाहरुको पहिचान तथा योजना

### ३.२.१ घरायसी शौचालय निर्माण तथा स्तरोन्नति

घरायसी शौचालयहरु निर्माण तथा स्तरोन्नतिका लागि अनुगमन समिति बनाएर शौचालय नभएका घरहरुलाई निश्चित समय दिएर शौचालय बनाउन प्रोत्साहित गरिने छ र चर्पी नबनाउने घरहरुलाइ रणनीतिमा उल्लेख भए बमोजिम कार्वाहीको प्रक्रिया अगाडि बढाइने छ । समुदायको लागत लाइ मध्यनजर गर्दै बाह्य सामाग्री खरिदका लागि मात्र रु ५०,००० प्रति शौचालय अनुमान गरिएको छ ।

**तालिका नं ३.२ नयाँ निर्माण तथा स्तरोन्नति गरिने शौचालयहरुको विवरण**

| क्र स | शौचालय नभएका घर | कच्चि र सामान्य शौचालय सुधार | जम्मा सङ्ख्या | अनुमानित लागत |
|---|---|---|---|---|
| १ | ४६९ | २०८५ | २५५४ | १२,७७,००,००० |




### ३.३.२ संस्थागत शौचालय (विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक) निर्माण तथा स्तरोन्नति

सार्वजनिक तथा संस्थागत शौचालय निर्माण, सञ्चालन तथा मर्मतका लागि सम्बन्धीत संस्थाहरुलाई जिम्मेवार बनाइने छ । धैरै जस्तो स्थानमा शौचालयहरु भएको तथा सञ्चालनको अवस्था खराव रहेको र संरचनाहरु बाल मैत्री, अपाङ्ग मैत्री तथा महिला मैत्री नभएको

अवस्थामा मर्मत सम्भार तथा स्तरोन्नतिका अलावा सार्वजनिक शौचालयहरुको हकमा भने मर्मत सम्भारको सुनिश्चितता पछि मात्र निर्माण गरिने छ।

**तालिका नं ३.३ संस्थागत शौचालय नयाँ नर्माण तथा मर्मत विवरण**

| क्र स | कियाकलाप र योजना | अनुमानित लागत | कैफियत |
|---|---|---|---|
| क | **सार्वजनिक शौचालय** | | |
| १ | नयाँ सार्वजनिक शौचालय निर्माण जम्मा ४ वटा प्रति शौचालय १५,००,००० | ६०,००,०००।- | |
| ख | **विद्यालय सरसफाइ (सामुदायिक)** | | |
| १ | विद्यालय शौचालय मर्मत र सुविधा थप (३५ वटा विद्यालय) | ३५,००,०००।- | |
| ग | **स्वास्थ्य संस्था सरसफाइ** | | |
| १ | सम्पूर्ण सरकारी स्वास्थ्य संस्था शौचालय मर्मत -१० वटा) | १०००००० | |
| घ | **सार्वजनिक संस्था सरसफाइ** | | |
| १ | सरकारी कार्यालय शौचालय मर्मत सुविधा थप | ५००००० | |
| | **जम्मा** | **१,१०,००,०००** | |

### ३.३.३ व्यवस्थित ठोस फोहोर व्यवस्थापन योजना

ठोस फोहोर व्यवस्थापनका सम्वन्धमा नगरपालिकामा तत्कालका लागि केही कार्यक्रमहरु मात्र प्रस्ताव गरिए पनि ठोस फोहोर व्यवस्थापनका लागि छिमेकी सैनामैना नगरपालिकासँग समन्वय गरेर व्यवस्थित ल्याण्डफिल साइट निर्माण गर्न प्रस्ताव गरिएको छ। हालको लागि राजमार्ग वरपरका शहरीकरणको प्रकियामा रहेका स्थानका समुदायबाट निस्कने फोहोरहरुलाई व्यवस्थापनका लागि व्यवस्थित ल्याण्डफिल र फोहोर ढुवानीको व्यवस्था गर्नका लागि नगरपालिकाले योजना बनाउने छ भने अन्य समुदायहरुमा भने स्वयम समुदायले नै फोहोरको वर्गीकरण गरी कम्पोष्ट बनाउने, पुन प्रयोग गर्ने र घर घरमा फोहोर खाडल बनाइ व्यवस्थित गर्न अभियानका रुपमा स्थानीय संघ संस्था तथा आमा समूहहरुलाई अगुवाई गर्न लगाइने छ। नगरपालिका स्तरीय वास समन्वय समितिको सिफारिसमा सफा र स्वच्छ टोलहरुलाई नगरपालिकाको वास कोषबाट वार्षिक रुपमा पुरस्कृत गर्ने कार्यक्रम पनि राखिनेछ।

### ३.३.४ व्यवस्थित ढल व्यवस्थापन योजना

बाणगङ्गा नगरपालिकामा आगामी ५ वर्ष भित्र करीव २० प्रतिशत समुदायलाई ढल निकासको सुविधा उपलब्ध गराउन लक्ष्य निर्धारण गर्न सकिन्छ। नगरपालिकाको बांकी ८० प्रतिशत समुदाय भने अझै पनि ग्रामीण बस्तिको रुपमा नै बसोबास गरि रहेका छन्। बांकी समुदायले घरबाट निस्कने फोहोर पानीको व्यवस्थापन खेतबारी तथा करेसाबारीमा प्रयोग गरि खेर गएको पानीको उपयोग गरेको देखिन्छ।

### ३.३.५ महिनावारी स्वच्छता व्यवस्थापन योजना

नगरपालिका अर्न्तगतका सबै वडाहरुमा घरधुरी सर्वेक्षण र छलफलका क्रममा पाएको तथ्यहरुका आधारमा धेरैजसो महिलाहरु पुर्नपयोग गर्न सकिने कपडालाई स्यानिटरी प्याडको रुपमा प्रयोग गरेका छन् र युवतिहरुमा भने पुन प्रयोगमा नआउने खालको स्यानिटरी प्याडको प्रयोग गर्ने गरेको पाइएको छ तर प्रयोग गरी सके पछिको व्यवस्थापनको अवस्था नाजुक रहेको छ। महिनावारी व्यवस्थापनका लागि पुनप्रयोग गरिने कपडाको स्वच्छतामा भने केही प्रश्नहरु खडा भएका छन्। यसकारणले आर्थिक अवस्थामा सुधार गरी कुहिने तथा पुन प्रयोग गर्न मिल्ने खालको स्यानिटरी प्याड प्रयोग गर्नलाई भने प्रोत्साहन गर्नका लागि आमा समूहहरुमा वकालत गरिने छ।

विद्यालयहरुमा भने १४ वटा विद्यालयमा मात्र महिनावारी व्यवस्थापनको अवस्था सन्तोषजनक रहेकोले अन्य बांकी बिद्यालयहरुमा पनि महिनावारी व्यवस्थापनका योजनाहरु कार्यान्वयन गरिने छ ।

### ३.३.६ साबुनपानीले हात धुने कार्य योजना

बाणगङ्गा नगरपालिकामा खाना खानुभन्दा अगाडी साबुन पानीले हात धुने घरपरिवारको करिब ९६ प्रतिशत रहेको छ। साबुनपानीले हात धुने घरपरिवारको अवस्था सन्तोषजनक रहेको भए पनि खाना खानु भन्दा अगाडी हात धुने परिवारको सङ्ख्या शत प्रतिशतमा पुऱ्याउनु पर्ने आवश्यकता छ । यस कार्यका लागि विद्यालयहरुमा विद्यार्थीहरुद्वारा र समुदायहरुमा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, आमा समूहहरुद्वारा अभियानको रुपमा सन्चालन गरिने छ।

## ३.४ विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन योजना

### ३.४.१ विपद जोखिम व्यवस्थापन

यस नगरपालिकामा विविध प्रकारका विपदहरुको संभावना विद्यमान रहेका छन् । खडेरी, आगलागी, भूकम्प आदि विपदहरु बारम्वार दोहोरी देखा पर्ने समस्याहरु हुन । बाढी पहिरो भूकम्पजस्ता ठूला प्रकोपको बेलामा खानेपानी र सरसफाइको क्षेत्रमा ठुलो असर पर्ने र व्यवस्थित गर्न नसकेमा विपदले भन्दा पनि त्यस पछिको असरले ज्यान जोखिममा परेका प्रशस्त उदाहरणहरु छन् । त्यसैले बिपदका बेलामा पर्न आउने समस्यालाई ध्यानमा राखि पूर्व तयारी सहितको विपद व्यवस्थापन योजना बनाई राख्नु अनिवार्य देखिएको छ । खानेपानी , सरसफाइ तथा विपद व्यवस्थापन जोखिम न्युनिकरणका लागि उल्लेखित कायक्रमहरु विभिन्न सरोकारवाला निकायहरुको समन्वयमा नगरपालिकामा सञ्चालन गरिने छ ।

- नगरपालिका तथा वडा स्तरीय समिति तथा उपसमितिहरुलाई आपतकालिन समयमा खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा गर्नुपर्ने पूर्व तयारीका बिषयमा तालिम उपलब्ध गराइ समन्वय समितिहरुको क्षमता र सीप अभिवृद्धि गराइने छ ।
- विभिन्न क्लस्टरहरुसँग वास क्लस्टरको समन्वय गराउने ,
- विपद् सम्बन्धी तयार भएको रणनीतिक कार्य योजनालाई अद्यावधिक गर्ने ,
- नगरपालिका तथा वडा स्तरमा जोखिमको नक्साङ्कन गर्ने ,
- पीयूष, वाटरगार्ड जस्ता क्लोरिनेसन गर्ने औषधिको भण्डारण मजबुत राख्ने ,
- तुरुन्त तयार गर्न सकिने डिजाइनको चर्पी निर्माण गर्ने सामग्रीहरुको  भण्डारण गर्ने  ,
- पानीको गुणस्तर जाँच्ने विधि–औजार/उपकरणको व्यवस्था गर्ने ,
- सहजकर्ता/स्वयंसेवकहरु तलिम दिइ विपद्को अवस्थामा खानेपानी सरसफाइ तथा स्वच्छताका निमित्त परिचालन गर्ने ,
- मानवीय सहयोगको लागि क्षमता अभिवृद्धि गर्ने र भविष्यमा हुन सक्ने विपद्को लागि तालिम प्राप्त मानव संसाधन तैयारी अवस्थामामा राख्ने ,
- आपतकालिन अवस्थाको लागि तय गरिएका खुला स्थानहरुको पहिचान र जानकारी सम्पूर्ण समुदायमा गराउने
- नगरपालिकामा विपद जोखिम जगेडा कोष व्यवस्थापन गर्ने ,
- सूचना व्यवस्थापन ब्यवस्थित गर्ने ,
- विपद्को बेला साबुन पानीले हात धुने, सफा पानी, सुविधाको उचित मर्मत सम्भार र ठोस र तरल फोहोरमैला व्यवस्थापनमा ध्यान दिने ,

### ३.४.२ जलवायु परिवर्तन अनुकूलन

राष्ट्रिय तथा अन्तराष्ट्रिय अध्ययन अनुसन्धानले नेपाल विश्वमा नै जलवायु परिवर्तनको असरको उच्च जोखिममा रहेको बताइरहेका छन् । एकल प्रयासले मात्र जलावायु परिवर्तनको असरलाई रोक्न नसकिने हुंदा जलवायु परिवर्तनलाई आत्मसात गर्दै अनुकूलनको तयारी अवस्थामा रहनुको विकल्प छैन । तसर्थ निम्न उल्लेखित कार्यहरु सञ्चालन गरी जलवायु परिवर्तनका असरहरुको अनुकूलनको लागि जलवायु उत्थानशिल योजना तयार गरिएको छ । यसलाई प्राथमिकताकासाथ कार्यान्वयनमा ल्याउन आवश्यकता देखिन्छ ।

१. जलाधार क्षेत्रहरुको संरक्षण र प्रवर्धन गर्दै उच्च क्षेत्रहरुमा पानी पुनर्भरण पोखरीहरु निर्माण गर्ने,
२. वृक्षारोपण तथा वन संरक्षण गर्ने,
३. मानिसहरुलाई पानीको समुचित प्रयोगमा चेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने,,
४. परम्परागत मूलहरुको संरक्षण गर्ने,
५. खोला नालाहरु नियन्त्रणका लागि जैविक बाँधहरु निर्माण गर्न प्रश्रय दिने ,
६. प्लाष्टिक जन्य वस्तुको अधिक प्रयोगमा नियन्त्रण गर्ने,

## ३.५ वैकल्पिक प्रविधि

खानेपानी तथा सरसफाइको क्षेत्रको दिगो व्यवस्थापनका लागि नविनतम अनुसन्धान गर्नु र अन्य स्थानमा प्रयोग भई उपयोगी भएका प्रविधिहरु अवलम्वन गर्न आवश्यक देखिएको छ । यस्ता प्रविधिहरु वतावरणमैत्री, प्रयोगकर्तामैत्री, आर्थिक रुपमा सवल, कार्यान्वयन गर्न सहज, मर्मत सम्भार गर्न सहज हुनू अनिवार्य छ । अन्य स्थानहरुमा अवलम्वन गरी उपयोगी भएको तपसिलका प्रविधिहरु अवलम्वन गर्नु नगरपालिका तत्पर देखिएको छ ।

**तालिका नं ३.४ खानेपानीका बैकल्पिक प्रविधिहरु**

| योजनाको प्रकार | बैकल्पिक प्रविधिहरु | कैफियत |
|---|---|---|
| खानेपानी योजना | सौर्य वा विद्युतिय पानी तान्ने प्रविधि<br>पानीको बहुउपयोग गरिने प्रविधि | पानीको पहुँच नपुगेका, अति विपन्न समुदायलाई प्राथमिकता |
| सार्वजनिक र संस्थागत खासस्व | लैगिंकमैत्री, अपाङ्गमैत्री, तथा बालमैत्री संरचना | पानीको उपलब्धता<br>नियमित मर्मत सम्भार व्यवस्था |
| वातावरणिय सरसफाइ | चर्पी (इकोसान, सुलभ, सुख्खा) को कम्पोष्टिङ्ग प्रविधि ,<br>ढलनिकास व्यवस्थापन खेर गएको पानीको करेसाबारीमा प्रयोग, | स्थानीय स्रोत साधनहरुको अधिकतम प्रयोग तथा दिगो विकास पद्धति, |
| पुनर्भरण पोखरी प्रविधि | जलाधार क्षेत्रको उच्चतम क्षेत्रहरुमा पोखरीहरु तथा कुलोहरुको निर्माण | गाइवस्तुलाई पानी समेत खुवाउन मिल्ने सुरक्षित संरचना |
| योजना तथा जलाधार क्षेत्र संरक्षण | जैविक संरक्षणका उपायहरु वृक्षारोपण<br>स्रोतहरुको बारबन्देज तथा संरक्षण | माटो बग्न नदीने प्रविधिको प्रयोग तथा सतहमा बग्नेपानी नियन्त्रण |
| धुँवा रहित चुल्हो | माटोको धुँवारहित चुल्हो<br>फलामको धुँवारहित चुल्हो | स्थानीय मिस्त्रिहरुको क्षमता विकास<br>समुदायको चेतना अभिवृद्धि |
| गोबर ग्याँस | विभिन्न साइजका गोबर ग्याँस | गोबर ग्याँस कम्पनिहरु संगको सम्वन्वय |

## ३.६ पालिका स्तर तथा समुदाय स्तर क्षमता विकास योजना

### ३.६.१ पालिका स्तर क्षमता अभिवृद्धि योजना

नगरपालिकामा खानेपानी तथा सरसफाइ कार्य सम्पादनका लागि विभिन्न संघसंस्था तथा खानेपानी उपभोक्ता समितिहरुको सहकार्यमा विभिन्न कार्यक्रम गर्ने गरिएको छ । तथापि खानेपानी र सरसफाइका पूर्वाधारहरुको विकासका लागि नगरपालिकाको योजना तथा प्राविधिक शाखा जिम्मेवार निकाय रहेको छ । आगामी दिनमा ठोस तथा तरल फोहोर व्यवस्थापन कार्य सम्पादानको प्रयोजनका लागि वातावरण तथा सरसफाइ शाखा गठन गरी त्यसमा कार्यरत कर्मचारीहरुका लागि खानेपानी र वातावरणीय सरसफाइ सम्बन्धी तालिम, पानी परीक्षण, फोहोर मैला व्यवस्थापन, ल्याण्डफिल साइट व्यवस्थापन र ढल फोहोर शुद्धीकरण सम्बन्धी तालिम तथा क्षमता अभिवृद्धिका साथै सूचना व्यवस्थापन तालिमको व्यवस्था गरी क्षमता अभिवृद्धि गरिने छ ।

### ३.६.२ समुदाय स्तर क्षमता अभिवृद्धि योजना

समुदायस्तरमाका तालिमहरुमा केही छानिएका व्यक्तिहरु मात्र संलग्न हुने औपचारिक र खर्चिला कार्यक्रमहरु भन्दा अभियानका रुपमा सबै समुदायहरुलाई समेटने कार्यक्रमहरु गरिने छ । तथापि केही क्षमता विकासका क्रियाकलापहरु नगरसभाको निर्णय र प्राथमिकताको आधारमा वडाहरुको सिफारिस र नगरपालिका वास समन्वय समिति र नगर कार्यपालिकाको निर्णय पश्चात वार्षिक कार्यक्रममा समावेश गरी गरिने छ ।

१. पम्प अपरेटर तालिम - १२ जना
२. पानी परीक्षण तालिम - ५ जना
३. मर्मत सम्भार कार्यकर्ता तालिम - १२ जना
४. उपभोक्ता समिति व्यवस्थापन तथा लेखातालिम - १२ जना
५. खानेपानी सुरक्षा योजना तालिम - १९ जना
६. लैगिंक समानता तथा समाजिक समावेसीकरण तालिम - १९ जना
७. पूर्ण सरसफाइ, सरसफाइ तथा स्वच्छता - ११ जना
८. जलवायु परिवर्तन अनुकूलन तथा प्रकोप जोखिम न्यूनीकरण तालिम आदि -१० जना
९. mWater MIS को प्रयोग र सञ्चालन तालिम- ५५ जना

## ३.७ पूरक विषय सवाल (Cross-cutting Issues) र सम्वोधन योजना

यस नगरपालिकामा खानेपानी, सरसफाइ र स्वच्छताका सवालमा तल उल्लेखित पूरक विषय वा सवालहरु विद्यमान रहेका छन् जसलाई सम्वोधन गर्ने योजना यो वास योजनामा परिकल्पना गरिएको छ ।

### ३.७.१ लैङ्गिंक तथा समावेसीकरण मूल प्रवाहिकरण समावेशीकरण

यस वास योजनामा खानेपानी तथा सरसफाइका सेवाको न्यायोचित वितरण तथा उपभोग गर्ने सवालमा समेत विचार पुऱ्याएर योजना छनौट तथा कार्यान्वयन, मर्मत सञ्चालन प्रक्रिया र नीति निर्माण तहमा पछाडि पारिएका समुदायहरुको संम्लग्नतालाई प्रत्याभूति गरिने छ । योजनाको प्राथमिकीकरणको पहिलो बुदाँमा नै पछाडि पारिएका र हालसम्म उपभोगको अधिकारबाट वन्चित समुदायलाई प्राथमिकतामा राख्ने उल्लेख गरेर जातीय, धार्मिक र अति गरिबीको कारणले बन्चितमा परेका समुदायहरुमा पहिलो चरणमा नै कार्यक्रमहरु प्रस्ताव गरी कार्यान्वयनमा जाने परिकल्पना गरिएको छ ।

संविधानमा नै व्यवस्था भए बमोजिम महिलालाई नीति निर्माण तहमा आवद्ध गराउनका लागि विभिन्न समितिहरुको पदाधिकारीमा अनिवार्य संलग्नताको नीतिका अलावा महिलामैत्री वास सेवा निर्माणमा पनि बिशेष ध्यान दिईने छ ।

### ३.७.२ प्रयोगकर्ता मैत्री संरचना निर्माण योजना

यस वास योजना कार्यान्वयनको शिलशिलामा निर्माण हुने सम्पूर्ण खानेपानी तथा शौचालयका संरचनाहरु प्रयोगकर्ता मैत्री हुनेछन् ।

**तालिका नं ३.५ प्रयोगकर्ता मैत्री सिलसिलामा संरचना निर्माण योजना**

| | |
|---|---|
| महिला मैत्री वास सेवा | युरिनल सहितको महिला पुरुषका लागि बेग्ला बेग्लै शौचालय, |
| | पुरुषको युरिनल करिब ३ फिटको उचाइमा भने महिलाको भुँइमा टायल लगाएको हुनू पर्ने, |
| | महिला युरिनलको तरल पदार्थ राम्रो संग बग्ने गरी भिरालोपन मिलाएको हुनूपर्ने, |
| | शौचालयको ढोका खुला हुंदा पनि चर्पी कोठा र युरिनल बाहिरबाट नदेखिने गरी डिजायन गरिएको हुनू पर्छ, |
| | चर्पीको प्रत्येक कोठामा स्यानिटरि प्याड राख्नको लागि ढकन भएको बाल्टिन अनिवार्य राखिएको हुनू पर्नेछ , |
| | शौचालयको कोठामा पर्याप्त ठाउँ राखिएको हुनू पर्छ ,, |
| बालमैत्री वास सेवा | विभिन्न उमेर समूहका बच्चाहरुका लागि हात धुने बेसिन र धाराको साइजमा विविधता हुनूपर्ने |
| | शौचालयका भित्ताहरुमा विभिन्न रङ्गिन सन्देसमुलक चित्रहरु कोरिएको हुनू पर्छ, |
| अपाङ्गमैत्री वास सेवा | कोठाको साइज सामान्यभन्दा ठूलो हुनू पर्ने जसले गर्दा ह्विल चेयर सजिलै घुमाउन सकियोस् , |
| | शौचालय जाने बाटो र वरण्डा ह्विल चेयर सजिलै जाने गरि Ramp सहितको फराकिलो बनाउनु पर्ने, |
| | भित्री कोठाको भित्ताहरुमा ह्याण्डलहरु राखिएको हुनू पर्दछ जसको कारणले शारीरिक अशक्तता भएका व्यक्तिले सहजताक साथ चर्पी प्रयोग गर्न सकून , |
| | दृष्टि विहीनहरुका लागि विशेष चिह्न भएको वाटो निर्माण गर्नुपर्ने, |
| अन्य | ढोकाको साइज सबै साइजका व्यक्तिलाई मध्यनजर गरी बनाउन पर्ने, |
| | ढोका बाहिर नै हातधुने बेसिन राखिनु पर्ने |
| | ढोका जहिलेपनि भित्रतिर खोलिन पर्ने र ह्याण्डल दाहिने हाततिर पारिनुपर्ने,, |
| | हात धोएको पानी युरिनल भएर बग्ने बनाउनु पर्ने , |

# अध्याय ४ : संस्थागत संरचना र क्षमता अभिवृद्धि

## ४.१ नगरपालिकाको वास संरचना

बाणगङ्गा नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा कार्य गर्नका लागि बेग्लै वास एकाइ नभए पनि नगरपालिका र खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम कार्यान्वयनका लागि एक जना पालिका वास संयोजकको व्यवस्था गरिएको छ । आगामी दिनमा वास कार्यक्रम कार्यान्वयनका लागि नगरपालिकाले बेग्लै संरचना तयार गरी कार्य सञ्चालन गरिनु अपरिहार्य भएको छ ।

## ४.२ नगरपालिकामा वास क्षेत्रमा कार्यरत अन्य संस्थाहरु र कार्यक्रम

बाणगङ्गा नगरपालिकावाट उपलव्ध जानकारी अनुसार यस नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा कार्यरत निम्नानुसारका संस्थाहरु रहेकाछन् ।

१. सिद्धार्थ सामाजिक विकास संस्था

२. लुम्बिनी एकीकृत सामाजिक विकास संस्था

## ४.३ नगरपालिकामा वास संयुक्त कोष

नगरपालिका वास समन्वय समितिको रोहवरमा नगरपालिकामा वास संयुक्त कोषको स्थापना गरिने छ । उक्त कोष वास क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न चाहने अन्य संघ संस्थाहरुको पनि सहयोगको अपेक्षा गरिएको छ । सो कोषको रकम केवल खानेपानी सरसफाइ र


स्वच्छता प्रवर्धनको क्षेत्रमा माग कार्य गर्नेछ । नगरस्तरीय वास समन्वय समितिले कोष सञ्चालन निर्देशिका तयार गरी कोषको परिचालन तथा व्यवस्थापन गर्नेछ ।

## ४.४ संस्थागत संरचना तथा क्षमता विकास आवश्यकता

### ४.४.१ संस्थागत संरचना

वास क्षेत्रमा कार्यक्रम योजना बनाउन, कार्यान्वयन र अनुगमन गर्नका लागि नेपाल सरकारले निम्न संरचनाहरु स्थापना गरेको छ ।

चित्र ४.१: "वास" सेवाहरुको लागि संघीय संरचनामा विभिन्न तहको भूमिका र जिम्मेवारी




### ४.४.१ संस्थागत क्षमता अभिवृद्धि

खानेपानी, सरसफाइ रस्वच्छता प्रवद्रधनका लागि संरचनागत तथा सचेतनागत क्रियाकलापहरुको क्षमता अभिवृद्धिका लागि अवलम्वन गरिनु पर्ने उपायहरु यसप्रकार छन्:

- तालिम, कार्यशाला, सेमिनार,
- समुदाय र सस्थागत सचेतनामूलक कार्यक्रम ,
- परीक्षण कार्यक्रमहरु,
- सरसफाइ प्रदर्शनी, महोत्सव,
- अवलोकन भ्रमण, खानेपानी उपभोक्ता तथा सरसफाई समितिहरुलाई अवलोकन भ्रमण
- स्वः लेखाजोखा अभ्यास,

# अध्याय ५ : अनसूचीहरु

## अनुसूची ५.१ प्रस्तावित नयाँ खानेपानी योजनाहरु

| क्र स | क्रियाकलाप र योजना | वडा नं | टोल | लाभान्वित घरधुरी | जनसङ्ख्या | योजनाको किसिम | कैफियत. |
|---|---|---|---|---|---|---|---|
| १ | अमृते खानेपानी तथा सरसफाई योजना | ९ | भलवाड | ५०० | २५०० | ओभरहेड ट्याङ्क | नयाँ |
| २ | मैनहरा ओभरहेड टंकी निर्माण | ११ | मैनहरा | ८०० | ४००० | ओभरहेड ट्याङ्क | नयाँ |
| ३ | राजापानी ओभरहेड टंकी निर्माण | ३ | राजापानी | १४२८ | ७१४० | ओभरहेड ट्याङ्क | नयाँ |
| ४ | भलवाड खानेपानी पाईपलाईन विस्तार | ९ | पडरिया | ३५० | १७५० | ओभरहेड ट्याङ्क | थप |
| ५ | नन्दनगर ओभरहेड टंकी निर्माण | २ | नन्दनगर | २००० | १०००० | ओभरहेड ट्याङ्क | थप |
| ६ | कोपवा खानेपानी ओभरहेड टंकी निर्माण | ५ | कोपवा | ६०० | ३००० | ओभरहेड ट्याङ्क | नयाँ |
| ७ | मोतिपुर डाँडा ओभरहेड टंकी निर्माण | ७ | मोतिपुर | ११५५ | ५७७५ | ओभरहेड ट्याङ्क | नयाँ |
| ८ | गजेहडा खानेपानी ओभरहेड टंकी निर्माण | ४ | उत्तमनगर | १३२८ | ६६४० | ओभरहेड ट्याङ्क | थप |
| ९ | बुङ्ची ओभरहेड टंकी निर्माण | १ | बुङ्ची | ९८७ | ४९३५ | ओभरहेड ट्याङ्क | नयाँ |
| १० | हथौसा ओभरहेड टंकी निर्माण | ११ | हथौसा | ७९५ | ३९७५ | ओभरहेड ट्याङ्क | नयाँ |
| ११ | वडा नं. १ देखि ११ सम्मका वडाका विभिन्न सार्वजनिक स्थानहरुमा हेण्डपम्प जडान ११० थान | १ देखि ११ | विभिन्न | ११० | १६५० | स्यालो ट्युबवेल | थप |

## अनुसूची ५.२ स्वास्थ्य संस्थाहरुको पानी र सरसफाइको अवस्था

| क्र.स | स्वास्थ्य संस्थाको नाम | वडा | म पु का लागि भिन्दा भिन्दै | पानीको उपलब्धता | अपाङ्ग मैत्री सुविधा | हात धुने सुविधा | महिनावारी व्यवस्थापन सुविधा | सरसफाइको अवस्था |
|---|---|---|---|---|---|---|---|---|
| १ | पिपरा अस्पताल | २ | छ | छ | छ | छ | छ | छ |
| २ | गजेहडा स्वा.चौकी | ४ | छैन | छ | छ | छ | छैन | छ |
| ३ | कोपवा स्वा.चौकी | ५ | छ | छ | छ | छ | छ | छ |
| ४ | मोतिपुर स्वा.चौकी | ८ | छ | छ | छ | छ | छ | छ |
| ५ | भलवाड स्वा.चौकी | ९ | छ | छ | छ | छ | छ | छ |
| ६ | पटना स्वा.चौकी | १० | छ | छ | छ | छ | छ | छ |
| ७ | हथौसा स्वा.चौकी | ११ | छ | छ | छैन | छ | छ | छ |
| ८ | आधारभूत स्वा.केन्द्र | १,३,६,७ | कार्यालय भवन निर्माणको क्रममा रहेको | | | | | |

## अनुसूची ५.३ विद्यालयको सरसफाइको विवरण

| क्र स | विद्यालयको नाम | वडा | शौचालय छ छैन | लैगिंक मैत्री | पानीको व्यवस्था | अपाङ्गमैत्री सुविधा | हात धुने सुविधा | महिनावारी व्यवस्थापन सुविधा | सरसफाइको अवस्था |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सिद्धार्थ मा.वि.बुंची | १ | ✓ | ✓ | × | ✓ | × | × | ✓ |
| २ | बाल मा.वि.वैरिया | १ | ✓ | ✓ | × | × | ✓ | ✓ | ✓ |
| ३ | मनकामना संस्कृत विद्यापिठ मा.वि.नन्दनगर | २ | ✓ | ✓ | ✓ | ✓ | ✓ | × | ✓ |
| ४ | पञ्च आधारभुत विद्यालय वैजलपुर | २ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |

| क्र स | विद्यालयको नाम | वडा | शौचालय छ/छैन | लैंगिक मैत्री | पानीको व्यवस्था | अपाङ्गमैत्री सुविधा | हात धुने सुविधा | महिनावारी व्यवस्थापन सुविधा | सरसफाइको अवस्था |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | जनता मा.वि. पिपरा | २ | ✓ | ✓ | ✓ | ✓ | × | ✓ | ✓ |
| ६ | कपिलवस्तु आधारभूत विद्यालय राजपुर | २ | ✓ | ✓ | ✓ | ✓ | ✓ | × | ✓ |
| ७ | वालज्योति आधारभूत विद्यालय कप्टैया | २ | ✓ | ✓ | ✓ | ✓ | ✓ | × | ✓ |
| ८ | गौरी भवानी मा.वि.भक्तौली | ३ | ✓ | ✓ | ✓ | ✓ | × | × | ✓ |
| ९ | दूर्गाभवानी आधारभुत विद्यालय कर्महना | ३ | ✓ | ✓ | ✓ | × | ✓ | × | ✓ |
| १० | कोटिया आधारभुत विद्यालय गंगौलिया | ३ | ✓ | ✓ | ✓ | × | ✓ | ✓ | ✓ |
| ११ | शान्ती आधारभुत विद्यालय डुंगहवा | ४ | ✓ | × | × | × | ✓ | × | ✓ |
| १२ | सिद्धार्थ आधारभुत विद्यालय गजेहडा | ४ | ✓ | ✓ | ✓ | ✓ | ✓ | × | ✓ |
| १३ | बाणगंगा मा.वि.गजेहडा | ४ | ✓ | ✓ | ✓ | ✓ | ✓ | × | ✓ |
| १४ | सरस्वती आधारभुत विद्यालय ठांटी | ३ | ✓ | × | × | × | × | × | ✓ |
| १५ | महेन्द्र मा.वि.कोपवा | ५ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| १६ | अन्तराष्ट्रिय युवावर्ष आधारभुत विद्यालय सेमरखोर | ५ | ✓ | ✓ | ✓ | ✓ | × | ✓ | ✓ |
| १७ | श्यामा आधारभुत विद्यालय मटेरिया | ५ | ✓ | × | × | × | ✓ | ✓ | ✓ |
| १८ | मा.वि.झण्डा | ५ | ✓ | ✓ | ✓ | × | ✓ | ✓ | ✓ |
| १९ | लक्ष्मणघाट मा.वि. लक्ष्मणघाट | ६ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २० | ज्ञानोदय आधारभुत विद्यालय सुठौली | ६ | ✓ | ✓ | ✓ | × | ✓ | ✓ | ✓ |
| २१ | नवदुर्गा आधारभुत विद्यालय मोतिपुरडांडा | ७ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २२ | जनचेतना आधारभुत विद्यालय वनगाई | ७ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २३ | जनज्योति मा.वि.मोतिपुर | ७ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २४ | जनसेवा आधारभुत विद्यालय मोर्मी | ८ | ✓ | × | ✓ | ✓ | × | × | ✓ |
| २५ | बाणगंगा मा.वि.लौगाई | ८ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २६ | जननी आधारभुत विद्यालय मधुवन | ८ | ✓ | × | ✓ | × | × | ✓ | ✓ |
| २७ | सूर्योदय आधारभुत विद्यालय चप्परगाउं | ८ | × | निर्माणधीन रहेको | | | | | |
| २८ | वरकतिया आधारभुत विद्यालय वालापुर | ८ | ✓ | × | × | × | × | × | ✓ |
| २९ | शुद्धोधन जनजीवन मा.वि.भलवाड | ९ | ✓ | ✓ | ✓ | ✓ | × | × | ✓ |
| ३० | वालकल्याण आधारभुत विद्यालय वर्दहवा | ९ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ३१ | राम आधारभुत विद्यालय पडरिया | ९ | ✓ | × | × | ✓ | × | ✓ | ✓ |
| ३२ | भरतापुर आधारभुत विद्यालय | ९ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ३३ | गौतमबुद्ध आधारभुत विद्यालय कुसुमडांडा | ९ | ✓ | × | × | × | × | × | ✓ |
| ३४ | कामता मा.वि.करेलिया | १० | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |

| क्र स | विद्यालयको नाम | वडा | शौचालय छ छैन | लैंगिक मैत्री | पानीको व्यवस्था | अपाङ्गमैत्री सुविधा | हात धुने सुविधा | महिनावारी व्यवस्थापन सुविधा | सरसफाइको अवस्था |
|---|---|---|---|---|---|---|---|---|---|
| ३५ | जनकल्याण आधारभुत विद्यालय वालापुर | १० | ✓ | × | × | × | × | × | ✓ |
| ३६ | कोठीनदी आधारभुत विद्यालय गोगापुर | १० | ✓ | × | × | × | ✓ | × | ✓ |
| ३७ | सरस्वती आधारभुत विद्यालय लखनपारा | १० | ✓ | × | × | × | × | × | ✓ |
| ३८ | शारदा आधारभुत विद्यालय मझौवा | १० | ✓ | × | × | × | × | × | ✓ |
| ३९ | बाल आधारभुत विद्यालय वनकट्टा | १० | ✓ | × | × | × | × | × | ✓ |
| ४० | ने.रा.आधारभुत विद्यालय अहिरौली | १० | ✓ | × | × | × | × | × | ✓ |
| ४१ | मदरसा अलइस्लाह कोरयािचोक | १० | ✓ | × | × | × | ✓ | × | ✓ |
| ४२ | ओदारी मा.वि.ओदारी | ११ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ४३ | हेमराज मँ.वि. हथौसा | ११ | ✓ | ✓ | ✓ | ✓ | ✓ | × | ✓ |
| ४४ | सूर्योदय मा.वि.वरवा | ११ | ✓ | ✓ | ✓ | × | ✓ | × | ✓ |
| ४५ | आदर्श आधारभुत विद्यालय भड्डीहवा | ११ | ✓ | ✓ | ✓ | ✓ | ✓ | × | ✓ |
| ४६ | आधारभुत विद्यालय घरवुधिया | ११ | ✓ | ✓ | ✓ | ✓ | ✓ | × | ✓ |
| ४७ | जनसहयोग आधारभुत विद्यालय मैनहरा | ११ | ✓ | × | × | × | ✓ | × | ✓ |

## अनुसूची ५.४ नगरपालिका भरी खानेपानी सेवा विस्तार योजना

| वडा नं. | सार्वजनिक धारा | ट्युबवेल (५० मि. भन्दा माथि) | सतहको पानी (खोला, ताल, खोल्सा, नहर) | निजि धारा | संरिक्षित मुहान | आकासे पानी | ट्युबवेल (५० मि. भन्दा कम) | असुरक्षित मूल | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५ | ४६ | | १३४८ | १ | | | १ | १४०१ |
| २ | ८ | २४८ | | २०८० | | | ३४ | | २३७० |
| ३ | ६२ | ४२ | २ | ११२ | १ | | १२०८ | १ | १४२८ |
| ४ | ३ | ६ | | २००९ | | | ३०९ | १ | २३२८ |
| ५ | ४६ | ५८० | ४ | ४८५ | | | २९० | २ | १४०७ |
| ६ | ३० | ७०३ | ५ | २ | २ | ३ | ४५८ | १५ | १२१८ |
| ७ | २५ | ८६९ | १ | ७२३ | | ३ | २७८ | १ | १९०० |
| ८ | ५३ | ५०० | १ | १८७० | १ | १ | १३२ | १ | २५५९ |
| ९ | १६९ | ४ | ३ | ३ | १ | | १५०३ | | १६८३ |
| १० | २२६ | ४८ | ३ | ७१६ | | | ८१७ | | १८१० |
| ११ | १७ | १४३७ | ६ | ७३१ | | १ | २७ | | २२१९ |
| कुल जम्मा | ६४४ | ४४८३ | २५ | १००७९ | ६ | ८ | ५०५६ | २२ | २०३२३ |

## अनुसूची ५.५ खानेपानी योजनाहरुको दिगोपना (Sustainability)

| सि नं | सूचकहरु | अध्ययन गरिएको नतिजा | | अपेक्षा गरिएको | सुधारको आवश्यकता |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | | |
| १ | समिति गठन | १ | १००% | १००% | छैन |
| २ | ३३% महिला सहभागिता | १ | १००% | १००% | छैन |
| ३ | जलस्रोत समितिमा दर्ता | १ | १००% | १००% | छैन |
| ४ | आफ्नै कार्यालय भवन | ० | ०% | १००% | छ |
| ५ | आफ्नै मर्मत संभार प्राविधिक भएका | १ | १००% | १००% | छैन |
| ६ | मर्मत संभार कार्यकर्तालाइ तलब उपलब्ध गराउने | ० | ०% | १००% | छ |
| ७ | आफैंले लेखा व्यवस्थापन गर्ने | १ | १००% | १००% | छैन |
| ८ | लेखापालले लेखा व्यवस्थापन गर्ने | ० | ०% | १००% | छ |
| ९ | नियमित बैठक गर्ने | १ | १००% | १००% | छैन |
| १० | नियमित वार्षिक साधारण सभा गर्ने | १ | १००% | १००% | छैन |
| ११ | पानी महशुल उठाउने गरेका | ० | ०% | १००% | छ |
| १२ | वार्षिक लेखा परीक्षण गराउन | ० | % | १००% | छ |

## अनुसूची ५.६ वास क्षेत्रका सरोकारवाला संस्थाहरु र जिम्मेवारी

### ५.६.१ कार्यक्रम सञ्चालन तह

### ५.६.२ नीति निर्माण तथा समन्वय तह

| क्र.स | सरोकारवालाहरु | कार्य क्षेत्र |
|---|---|---|
| १ | व्यक्ति | खानेपानी तथा चर्पीको समुचित प्रयोग, सरसफाइ, मर्मत सम्भार, व्यक्तिगत सरसफाइ गर्ने , |
| | | स्वच्छता प्रवर्द्धनका बानी व्यवहार अवलम्बन गर्ने, नमूना बनेर देखाउने , |
| | | सरसफाइ र स्वच्छतालाई जीवन पद्धतिको रुपमा अवलम्बन गर्ने , |
| २ | घर परिवार | चर्पीको निमार्ण, सुरक्षित प्रयोग गरी नियमित सरसफाइ र मर्मत सम्भार गर्ने , |
| | | सरसफाइ र स्वच्छतामा आफूले गरेका असल अभ्यसलाई  सामाजिकीकरण गराउने , |
| | | सुरक्षित पानी र खानाको प्रयोग गर्ने , |
| | | घर आँगन र वरिपरिको सरसफाइ गरी घर बगैचा व्यवस्थापन गर्ने , |
| | | स्वच्छकर बानी व्यवहार विकासका लागि परिवारका सदस्य र छिमेकीलाई अभिप्रेरणा गर्ने , |
| | | घरधुरीबाट निस्किने फोहोरमैलाको वर्गीकरण गरी सुरक्षित व्यवस्थापन गर्ने , |
| | | सफा र स्वच्छ घर प्रवद्र्धन गरी नमूनाको रुपमा प्रस्तुत हुने , |
| | | आफूले गरेका खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी असल अभ्यासको स्वःअनुगमन गर्ने , |
| ३ | विद्यालय तथा क्याम्पसहरु | पाठ्यक्रममा उल्लेख गरिएको प्रयोगात्मक नम्बर लाई सरसफाइको आनीबानी पर्वतन संग जोडेर अघि बढाउने , |

| क्र.स | सरोकारवालाहरु | कार्य क्षेत्र |
|---|---|---|
| | | पाठ्यक्रममा उल्लेख गरिएको परियोजना कार्यलाई विद्यार्थीले उसको घरमा गरेको सरसफाइ र स्वच्छताको गतिविधि संग जोडेर अघि बढाउने , |
| | | पूर्ण सरसफाइ सम्बन्धी कार्ययोजना तर्जुमा तथा कार्यान्यिवन गर्ने , |
| | | विद्यार्थी बाल क्लव गठन गरी सक्रियता माल्याउने , |
| | | बाल–मैत्री, लैगिंक–मैत्री चर्पी यूरिनल तथा खानेपानी सुविधा निर्माण गरी प्रयोगमा ल्याउने तथा नियामत मर्मत सम्भार गर्ने , |
| | | विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छताको आचार संहिता तयार गरी लागु गराउने , |
| | | सुरक्षित पानीको प्रयोग गर्ने , |
| | | स्वच्छकर बानी व्यवहार विकासका लागि विद्यार्थी र समुदायलाई अभिप्रेरणा गर्ने , |
| | | फोहोरमैलाको वर्गीकरण गरी सुरक्षित व्यवस्थापन गराउने , |
| | | विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना गराउने , |
| | | विद्यालय र समुदाय सरसफाइको सिकाइ केन्द्रका रुपमा विकास गराउने , |
| | | सफा र स्वच्छ विद्यालय तथा क्याम्पस प्रवर्द्धन गरी नमूनाको रुपमा प्रस्तुत गराउने, |
| ४ | समुदाय तथा समिति | पूर्ण सरसफाइ सम्बन्धी कार्ययोजना तर्जुमा तथा कार्यान्यिवन गर्ने , |
| | | गाउँ टोल समूहको गठन तथा सक्रियता गराउने , |
| | | बाटोघाटोको नियमित सरसफाइ गर्ने , |
| | | स्थानीय नियम, आचार संहिताको विकास र परिपालना गराउने , |
| | | प्रयोगकर्ता–मैत्री सरसफाइ सुविधाको निर्माण तथा स्तरोन्नती गरी नियमित मर्मत सम्भार गराउने , |
| | | खानेपानीको स्रोत साथै निर्माण भएका अन्य संरचनाहरु जस्तै पाइपलाइन र टङ्किहरुको मर्मत सम्भार तथा संरक्षण गर्ने गराउने , |
| | | प्रयोग गरीरहेको पानी सुरक्षित नभएमा, पानीको शुद्धीकरण गरी प्रयोग गर्न लगाउने, |
| | | समुदायमा सरसफाइ र स्वच्छता कायम राख्ने , |
| | | सार्वजनिक शौचालयको निर्माण, व्यवस्थापन,सरसफाइ र मर्मत सम्भार गर्ने , |
| | | स्वच्छकर बानी व्यवहार विकासका लागि घरधुरी र नागरिक समुदायलाई अभिप्रेरणा गर्ने , |
| | | फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने , |
| | | वृक्षारोपण, हरियाली पार्क, बगैचा, चौताराको निर्माण र संरक्षण गर्ने , |
| | | समुदायलाई सफा र स्वच्छता विकास गरी पूर्ण सरसफाइतर्फ उन्मुख भएको नमूना समुदाय बनाउने , |
| ५ | उपभोक्ता समिति ( नेपानी तथा सरसफाइ बजार व्यवस्थापन समिति वन व्यवस्थापन समिति) | लक्षित समूह, समिति र समुदायलाई खानेपानी सरसफाइ तथा स्वच्छताको व्यवहार परिर्वतनमा सचेतिकरण गरी सक्रिय बनाउने , |
| | | नीति नियम, आचार संहिता तर्जुमा गरी लागु गराउने , |
| | | स्थानीय स्रोत साधनको पहिचान गरी परिचालन गराउने , |
| | | अवस्था विश्लेषण, तथ्याक सङ्कलन गर्न सहयोग पुऱ्याउने , |
| | | विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना गराउने , |
| | | अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने , |
| | | सरोकारवालाहरु तथा समन्वय समितिसँग समन्वय गर्ने , |

| क्र.स | सरोकारवालाहरु | कार्य क्षेत्र |
|---|---|---|
| | | स्वच्छकर बानी व्यवहार विकासका लागि घरधुरी र नागरिक समुदायलाई अभिप्रेरणा गर्ने , |
| | | फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने , |
| | | वृक्षारोपण, हरियाली पार्क, बगैचा, चौताराको निर्माण र संरक्षण गर्ने , |
| | | खानेपानी तथा सरसफाइका सुविधाहरुको नियमित प्रयोग,<br>मर्मत संभार,र व्यवस्थापनमा सहयोग पुऱ्याउने , |
| ६ | पशुवधशाला सञ्चालक | उचित स्थानमा वधशाला निर्माण गराउने , |
| | | वधशालाको सरसफाइ र त्यहाँबाट निस्केको फोहोर व्यवस्थापन गर्ने , |
| | | मासुको स्वच्छता कायम राखि स्वच्छ मासु मात्र बिक्रि बितरण गराउने , |
| ७ | सरकारी कार्यालय,<br>गै.स.स., सहयोगी निकाय,<br>रेडक्रस सोसाइटी,<br>निजी कार्यालय आदी | प्रयोगकर्ता–मैत्री चर्पी, यूरिनल तथा खानेपानी संरचनाको निर्माण, प्रयोग तथा मर्मत सम्भार गराउने , |
| | | आवश्यक स्रोत र साधन उपलब्ध गराउने , |
| | | खानेपानीको स्रोत साथै निर्माण भएका संरचनाको संरक्षण गराउने , |
| | | प्रयोग गरीरहेको पानी सुरक्षित नभएमा, पानीको शुद्धीकरण गरी प्रयोग गर्न लगाउने, |
| | | समुदायमा सरसफाइ र स्वच्छता कायम राख्ने , |
| | | सार्वजनिक शौचालयको निर्माण, व्यवस्थापन,सरसफाइ र मर्मत सम्भार गराउने , |
| | | समुदाय परिचालनको कार्य अघि बढाउने , |
| | | समुदायमा महसुशीकरण गराई व्यवहार परिर्वतनका गतिविधिहरु सञ्चालन गराउने , |
| | | कार्यक्रममा सुशासन कायम गराउने , |
| | | नीति नियम तयार गराउने , |
| | | आफ्नो कार्यालयलाई नमूनाको रुपमा स्थापित गराउने , |
| | | सुरक्षित पानीको प्रयोग गर्ने गराउने , |
| | | कार्यालय र वरिपरिको सरसफाइ कायम राख्ने, |
| | | स्वच्छकर बानी व्यवहार विकासका लागि कर्मचारी र सेवाग्राहीलाई अभिप्रेरणा गर्ने , |
| | | फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने , |
| | | सफा र स्वच्छ कार्यालय प्रवर्द्धन गरी नमूनाको रुपमा प्रस्तुत हुने , |
| ८ | महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्य कार्यकर्ता | आफू र आफ्नो परिवारले सफा र स्वच्छता कायम राखि नमूनाको रुपमा प्रशुतुत हुने , |
| | | समुदायमा ज्ञान, सीप र सचेतना विस्तार गर्ने, |
| | | सामुदायिक सशक्तिकरण र सक्रियतामा वृद्धि गर्ने, |
| | | अभिमुखीकरण र ट्रिगरीङ्ग गर्ने, |
| | | सचेतनामूलक कार्यक्रम सञ्चालनमा सहजीकरण, |
| | | विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग गर्ने, |
| | | सफा र स्वच्छ आनीबानी प्रदर्शन गरी नमूनाका रुपमा प्रस्तुत हुनूपर्ने , |
| | | अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने, |
| ९ | शिक्षक, विद्यालय व्यवस्थापन समिति र | पाठ्यक्रममा उल्येख गरिएको प्रयोगात्मक नम्बरलाई सरसफाइको आनीबानी परर्वतनसंग जोडेर अघि बढाउने |
| | | पाठ्यक्रममा उल्येख गरिएको परियोजना कार्यलाई विद्यार्थीले उसको घरमा गरेको सरसफाइ र स्वच्छताको गतिविधि संग जोडेर अघि बढाउने , |

| क्र.स | सरोकारवालाहरु | कार्य क्षेत्र |
|---|---|---|
| | अभिभावक शिक्षक संघ | पूर्ण सरसफाइ सम्बन्धी कार्ययोजना तर्जुमा तथा कार्यान्यवन गर्ने, |
| | | विद्यालयमा बाल क्लव गठन गरी नियमित सल्लाह सुझाब उपलब्ध गराउने , |
| | | समन्वय समितिमा प्रतिनिधित्व गरी सक्रिय सहभागि हुने , |
| | | आनीबानी परिर्वतन सम्बन्धी ज्ञान, सीप, अभ्यास दिई सचेतना विस्तार गर्ने, |
| | | विद्यार्थी, विद्यालय परिवार र समुदायको सशक्तिकरण र सक्रियता वृद्धि गर्ने, |
| | | अभिमुखीकरण र तालिम सञ्चालन गर्ने, |
| | | आफू संलग्न निकायमा खानेपानी सरसफाइ तथा स्वच्छताको आचार संहिता तयार गरी लागु गर्न सहयोग गर्ने, |
| | | विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना बिस्तार साथै सामग्री वितरणमा सहयोग पुऱ्याउने, |
| | | आफ्नो घर परिवार र विद्यालयको स्वअनुगमन गर्ने, |
| | | आनीबानी परिर्वतनका क्रियाकलापको सहजीकरण गर्न सहयोग पुऱ्याउने, |
| | | सफा र स्वच्छ विद्यालय प्रवर्द्धन गरी नमूनाको रुपमा प्रस्तुत हुने , |
| १० | विद्यार्थी, बाल क्लव | आफू र आफ्नो घर परिवारलाई खानेपानी, सरसफाइ तथा स्वच्छताको व्यवहार परिवर्तनमा नमूना राख्ने , |
| | | विद्यालय सेवा क्षेत्रभित्र सरसफाइ क्यालेन्डर बनाइ कार्यक्रम सञ्चालन गर्ने ,, |
| | | सरसफाइका सुविधाहरु एवं कक्षा कोठा र वरिपरिको वातावरणीय सरसफाइ गर्ने |
| | | तथ्याक सङ्कलन, सचेतनामूलक कायक्रम सञ्चालनमा सहभागी हुने, |
| | | अविभावकहरुलाई खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन गर्न अभिप्रेरित गर्ने , |
| | | आफूले गरेका आनीबानी परिर्वतन क्रियाकलापको स्वअनुगमन गर्ने , |
| | | सफा र स्वच्छ विद्यालय प्रवद्र्धन गरी नमूनाको रुपमा प्रस्तुत हुने , |
| ११ | स्थानीय क्लव र समूह | आफू र आफ्नो घर परिवारलाई खानेपानी, सरसफाइ तथा स्वच्छताको व्यवहार परिवर्तनमा नमूना राख्ने , |
| | | खानेपानी,सरसफाइ तथा स्वच्छता सम्बन्धी ज्ञान, सीप र सचेतना विस्तार गर्ने , |
| | | सामुदायिक सशक्तिकरण र सक्रियता वृद्धि गर्न सहयोग पुऱ्याउने, |
| | | अभिमुखीकरण र ट्रिगरिङ्ग गर्न सहयोग पुऱ्याउने, |
| | | अवस्था विश्लेषण, तथ्याक सङ्कलन गर्न सहयोग पुऱ्याउने, |
| | | सचेतनामूलक कायक्रम सञ्चालनमा सहजीकरण गर्न सहयोग पुऱ्याउने, |
| | | विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग पुऱ्याउने, |
| | | अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने, |
| | | सफा र स्वच्छ संस्था प्रवद्र्धन गरी नमूनाको रुपमा प्रस्तुत हुने, |
| १२ | वित्तीय संस्था तथा सहकारी | आफ्नो संस्था लाई सफा र स्वच्छ संस्थाको रुपमा विकास गराउने , |
| | | सरसफाइ सामग्रीको बजारीकरणमा सहयोग गर्ने , |
| | | सहुलियत व्याँज दरमा ऋण प्रदान गर्ने, |
| | | सामग्रीहरुको बजारीकरण र वितरण गर्ने , |
| १३ | संचारकर्मी तथा नागरिक समाज | खानेपानी, सरसफाइ तथा स्वच्छताको व्यवहार परिवर्तनमा आफू र आफ्नो परिवार नमूनाको रुपमा प्रस्तुत हुने, |

| क्र.स | सरोकारवालाहरु | कार्य क्षेत्र |
|---|---|---|
| | | सन्देशमूलक सामग्रीहरुको प्रचारप्रसार गर्ने, |
| | | अध्ययन, अवलोकन र सफल कथाहरुको प्रचारप्रसार गर्ने, |
| | | समुदायमा भए गरेका क्रियाकलापको अनुगमन र पैरवी गर्ने, |
| १४ | निजी क्षेत्रका व्यवसायी र मठ मन्दिर संचालक आदि | आफ्नो संस्थालाई सफा र स्वच्छ संस्थाको रुपमा विकास गराउने , |
| | | सरसफाइ सामग्रीको बजारीकरणमा सहयोग गर्ने , |
| | | फोहोरको वर्गीकरण गरी र व्यवस्थापन गराउने, |
| | | कार्यस्थल र सेवाको सरसफाइ र स्वच्छता कायम गर्ने, |
| | | सरसफाइ तथा स्वच्छता अभियानमा कर्मचारी, संगठन र निकायहरुलाई परिचालन गर्ने , |

## अनुसूचि नं ५.७ प्रस्तावित स्मार्ट सार्वजनिक शौचालयहरु

| वडा | सार्वजनिक शौचालय निर्माण गरिने स्थान | वटा |
|---|---|---|
| ४ | लखनपारा, पिपरा | १ |
| ७ | खारखानी, वडा नं.७ | १ |
| | जम्मा | २ |

**बाणगंगा नगरपालिकाको खानेपानी तथा सरसफाईको अवसर, चुनौती र सम्भावनाहरु:**

**खानेपानी योजनाको निर्माणको लागि लगानी गर्ने निकायहरु, निर्माण वर्ष :**

## अनुसूची ५.८ बाणगंगा नगरपालिकाको नगरस्तरीय MWASHCC को बैठकको माइन्युट

आज मिति २०७७।३।२७ गतेका दिन यस नगरपालिका अन्तर्गत खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति को बैठक यस समितिका अध्यक्ष एवं नगरप्रमुख श्री मंगल प्रसाद थारु ज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरूमाथी छलफल गरि निर्णय गर्न निम्नानुसारको उपस्थिति रहेको छ।

श्री मंगल प्रसाद थारु - नगर प्रमुख - अध्यक्ष
श्री चक्रपाणी अर्याल - नगर उपप्रमुख - सदस्य
श्री बाबुराम भट्टराई - नि.प्रमुख प्र. अधिकृत - ,,
श्री बालकुमारी पन्त - वडा नं. १ अध्यक्ष ,,
श्री बिरज प्रसाद पौडेल - वडा नं. २ अध्यक्ष ,,
श्री सन्तराम सौंतार - वडा नं. ३ अध्यक्ष ,,
श्री गणेश क्षेत्री - वडा नं. ४ अध्यक्ष ,,
श्री भिष्म भुसाल - वडा नं. ११ अध्यक्ष ,,
श्री सुकदेव थारु - वडा नं. ६ अध्यक्ष ,,
श्री बिराज गिरी - वडा नं. ७ अध्यक्ष ,,
श्री गुणानिधी भुसाल - वडा नं. ८ अध्यक्ष ,,
श्री ध्रुवकुमार केलवाडे - वडा नं. ९ अध्यक्ष ,,
श्री रामबिहारी चौधरी - वडा नं. १० अध्यक्ष ,,
श्री सोमनाथ अर्याल - वडा नं. ११ अध्यक्ष ,,
श्री राजेन्द्र शाह - अ.प्र.दैनिक खा.पा. आ. अध्यक्ष ,,
श्री हगराज पौडेल - स्वास्थ्य शाखा प्रमुख ,,
श्री योजना शाखा - प्रान्तराज आचार्य ,,
श्री सुरज घिमिरे - भवन तथा शहरी शा. प्रमुख ,,
श्री सभार रेग्मी - सूचना प्रविधि अधिकृत ,,
श्री केशवराज भट्टराई - वास फोकल पर्सन सदस्य सचिव

प्रस्ताव नं. १. WASH Plan निर्माणसम्बन्धमा

निर्णय :- ३ वर्षभित्र प्रदेश नं ५ का सबै जिल्लाका स्थानीय तहका सबै घरधुरीहरूमा खानेपानी सुविधा उपलब्धताको व्यवस्था गर्ने प्रदेश नं. ५ को नीति भए अनुसार खानेपानी तथा सरसफाइ सम्बन्धी विविध कार्यक्रम संचालन गर्न WASH Plan यसै आर्थिक वर्ष भित्र निर्माण गर्नको लागि प्रक्रियाहरू अगाडी बढाउन नगर स्तरीय वास कार्यदललाई जिम्मा दिने निर्णय गरियो।

## अनुसूची ५.९ नगरपालिकाका नक्शाहरु







